# पाँच वर्षे रणनीतिक योजना

## २०७६ देखि २०८०

# Five Years Strategic Plan

## 2019 to 2024



# एकिकृत विकास समाज


अमरगढी नगरपालिका ५ वागवजार, डडेल्धुरा

फोन नं. ०९६ -४२०३९९

Email: idesddl@gmail.com

## १. संक्षिप्त संस्थागत परिचय :

सामाजिक अन्धविश्वास असिक्षा, गरिवि,जनचेतनाको अभाव तथा परम्पारगत सोचका कारण डडेल्धुरा जिल्लाको सामाजीक, आर्थिक तथा शिक्षाको अवस्थामा अझै सुधार आउन सकेको छैन ।प्राकृतिक सौन्दर्यले भरिपुर्ण भएपनि भौगौलिक विकटताका कारण विकासका पुर्वाधारहरु निर्माण कार्य अझै पनि धेरै ग्रामिण भेगमा चुनौतीपुर्ण छ ।

सात वटा स्थानीय निकाय रहेको डडेल्धुरा जिल्लामा ५ वटा गाउपालिका र २ वटा नगरपालिका रहेको छ ।स्थानीय निकाय गठन भए संगै विकासकका योजना हरु जन चाहाना वमोजीम हुन्छ भन्ने, आसमा रहेका स्थानीय ग्रामिण समुदाय विकासको नाममा नाप नक्सा, वातावर अवलोकन नै नगरी सड्क खन्ने काम मात्र हुदा अहिले डडेल्धुरा जिल्ला पहिरो तथा वाढीको उच्च जोखीममा रहेको छ । डडेल्धुरा जिल्लाका विकट र पिछिडिएका बस्तीहरुको समय सापेक्ष उत्थानका लागि सरकारी प्रयासबाट मात्र सम्भव देखिएको छैन् । स्थानीय निकाय गठन भएपनि अझै जनमुखी विकासमा गैरसरकारी संस्था हरुको भुमिका पनि त्यत्तिनै महत्वपुर्ण देखीन्छ ।

समाजमा रहेको अशिक्षा, चेतनाको कमी, गरिवि तथा स्वास्थ्य अभाव रहेका गरिव, दलित, हलिया, जनजाती महिला तथा वालवालिका हरुको शिक्षा, स्वास्थ्य तथा आयआर्जनमा पहुच अभिवृद्धि गर्न डडेल्धुरा जिल्लामा रहेका यूवा समाजकर्मी हरुको सकियतामा २०६० माघ १ गते संस्था दर्ता गरि सामाजीक कार्यको सुरुवात गरिएको थियो ।

स्थापना पछि तत्कालीन १९ वटा गाविस र १ नगरपालिका हालको ५ पालिका र २ वटा नगरपालिका का साथै डोटि जिल्लाको दुई, कैलाली जिल्लाको दुई पालिकामा यस संस्थाले विभिन्न दातृ निकाय, अर्न्तरार्ष्टिय गैर सरकारी संस्था तथा नेपाल सरकारको सहयोगमा सरसफाई, खानेपानि, स्वास्थ्य, प्राकृतीक श्रोत ब्यवस्थापन, जलस्रोत ब्यवस्थापन, बातावरण संरक्षण तथा सामुदायिक सरसफाई, दिगो भु ब्यवस्थापन, विपद जोखिम न्युँनीकरण, व्यवसायीक कृषि विकास तथा खाद्य सुरक्षा, जलवायु परिवर्तन अनुकुलन, आयआर्जन तथा आर्थिक विकास र जनवकालत सम्बन्धी प्रभावकारी कार्याक्रमहरु सम्पन्न गरि सकेको छ । संस्थाले दुई दशक बढि समयसम्म सम्पन्न गरेका कार्यक्रम तथा परियोजनाहरुको उपलब्धीका रुपमा लक्षित समुदायको जीवनस्तरमा प्रयाप्त सुधार आएको पाइएको छ ।

विभिन्न निति तथा आर्थिक नियमावली निर्माण गरि संस्थाले डडेल्धुरा जिल्लामा आफुलाई शुसान, पारदर्षि संस्थाका रुपमा काम गर्ने संस्थाको पहिचान वनाएको छ । यूएस एड संगको साझेदारीमा संस्थाले संस्थागत विकासमा करीव तीन वर्ष काम गरि सकेको छ । महिला, दलित तथा जनजाती समुदायको नेतृत्व रहने संस्थाको रुपमा जिल्लामा यस संस्थाको पहिचान छुट्टै रहेको छ । महिला नेतृत्व संस्थाको रुपमा पहिचान वनाएको यस संस्था स्थापना देखी हाल सम्म हेर्ने हो भने कार्यसमिति, साधारणसदस्य एव कर्मचारीमा समेत महिलाको वाहुल्यता रहेको छ ।

**हाल यस संस्थामा निम्न अनुसार सदस्य रहेका छन ।**

कुल साधारण सदस्य संख्या : १५१

महिला : ९४

दलित : ७८

जनजाती : ५४

**कार्यकारणी समितिमा जम्मा संख्या ११**

| क.सं. | महिला | पुरुष | दलित | जनजाती |
|---|---|---|---|---|
| १ | ८ | ३ | २ | १ |

## २. संस्था बिश्लेषण :

संस्थाको नेतृत्व, पदाधिकारी, संस्थाले कार्य सम्पादनमा सहजताका लागि गठन गरेका बिभिन्न समिति तथा उपसमितिका जिम्मेवार ब्यक्तिहरुका साथै संस्थाका सम्पुर्ण सदस्यहरुबाट बार्षिक रुपमा दुई पटक संस्था विश्लेषण गर्ने गरिएको छ । यस रणनीतिक योजना तर्जुमाका क्रममा पछिल्लो पटक संस्था विश्लेषण गर्दा संस्थाले हालसम्म कार्यान्वयन गरेका र हाल सञ्चालित कार्यक्रम तथा परियोजनाहरुमा निम्नानुसार बलियो र कमजोर पक्षका साथै अवशर र चुनौतीहरु देखिएका छन ।

## २ (क) कार्यक्रम तर्फ वलियो र कमजोर पक्षहरु :

| सिं.नं. | कार्यक्रम तथा योजना तर्फका बलिया पक्षहरु | कार्यक्रम तथा योजना तर्फका कमजोर पक्षहरु |
|---|---|---|
| १ | समुदायमा आवश्यकता मुखी कार्यक्रमहरु समुदायकै सहभागिता र अगुवाईमा कार्यान्वयन भईरहेको । | श्रोत कम तथा लक्षीत समुदायको आवश्यकता वढी हुदा आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन गर्न कठिनाई । |
| २ | परियोजना तथा संस्थाका लागि दक्ष कर्मचारी भएको हुदा कार्यक्षेत्र तथा कार्यालयमा काम गर्न तथा प्रतिवेदन तयार गर्न सहज भएको छ । | कर्मचारी हरु लाई दिगो रुपमा स्थायी कर्मचारीको रुपमा दिर्घकालिन रुपमा राख्न कठिनाई । |
| ३ | सञ्चालित कार्यक्रम तथा परियोजनाहरु लक्षित समुदाय केन्द्रित रहेको र कार्यान्वयनमा अपेक्षित जन सहभागिता हुने गरेको । | नयाँ कर्मचारीहरुका लागि आवश्यकता अनुसार कार्यसम्पादन क्षमता अभिवृद्धी सिप विकास सम्बन्धी तालिम अभाव । |
| ४ | कार्यक्रमको नियमित सुपरिवेक्षण र अनुगमन मुल्याङ्कन भईरहेको । | श्रोत जुटाउनकै निम्ती बिभिन्न दातृ निकायहरुका अवधारणामुखी कार्यक्रमहरु पनि कार्यान्वयन गर्नुपर्ने बाध्यता कायमै रहेको । |
| ५ | संस्थामा सम्बन्धित कार्यक्रम अनुसार कर्मचारी भएको । | आन्तरिक श्रोतको अभावमा संस्थाका लागि आबश्यक थप कर्मचारी भर्ना गर्न नसकिएको । |
| ६ | जिल्लास्थीत स्थानीय निकाय, विषयगत | राजनैतीक अस्थीरताका कारण कार्यक्रम |

| | | |
|---|---|---|
| | कार्यालय र सरोकारवाला निकायहरुको परियोजना सल्लाहकार समितिको सल्लाह अनुसार कार्यसम्पादन हुने गरेको । | कार्यान्वयन गर्दा दवाव आउने गरेको । |
| ७ | जिल्ला स्थीत स्थानीय निकाय, विषयगत कार्यालय र सरोकारवाला निकायहरुसंगको समन्वय सहकार्य र सल्लाह अनुसार कार्यक्रम कार्यान्वयन गर्ने गरेको । | गैर सरकारी संस्था परिचालन सम्बन्धी स्थानीय निकायमा स्पष्ट नीति बन्न नसकेकाले कार्यालय प्रमुखको समझदारीमा समन्वय सहकार्य सम्बन्धी काम हुने गरेको । |
| ८ | संस्थाले जिल्ला स्थित सबै राजनीतिक दलहरुसँग सुमधुर सम्बन्ध स्थापना गर्न सकेका कारण संस्थाको एउटै राजनीतिक दल निकटस्थ छवि नभएकाले कार्यसम्पादनमा सबै वाट चाहे अनुसारको सहयोग प्राप्त । | केहि राजनीतिक दलहरुमा गैर सरकारी संस्थालाई हेर्ने दृष्टिकोण र बुझाईमा समस्या रहेकाले सबै गैर सरकारी संस्थालाई राजनीती गर्ने संस्थाको रुपमा हेर्ने गरेको । |
| ९ | कार्यक्रमको गुणस्तर र प्रभावकारिता बढाउन यस संस्थाका दातृ तथा साझेदार निकायका विशेषज्ञहरुबाट नियमित पृष्ठपोषण र सुझाव सल्लाह प्राप्त भइरहेको छ । | दलित तथा हलिया र पछाडि पारिएका वर्ग हरुको दिगोपनाका लागि अधिकतम श्रोत परिचालन गर्नु पर्ने । |
| १० | संस्थाले आर्थिक कारोवारमा पारदर्शी नीति अपनाएको छ । बिभिन्न समयमा योजना तथा कार्यक्रमहरुको सामाजिक तथा जन लेखा परिक्षण गर्ने गरिएको छ। | संस्थाले कार्यान्वयन गरेका सबै कार्यक्रमहरु जगदमवा (जनजाती, दलित, हलिया, गरिव,महिला तथा बालबालिका) केन्द्रित हुने भएपनि अन्य जाती को अवस्था पनि विपन्न भएको हुदा सवै वर्ग समेटन कठिनाई । |
| ११ | संस्थाले कार्यान्वयन गर्ने हरेक कार्यक्रमहरुमा जिल्ला स्थित सरोकारवालाहरुबाट नियमित अनुगमन गराई सुझाव प्राप्त गर्ने गरेको छ। | लक्षित समुदायबाट माग भएका सबै योजनाहरु कार्यान्वयनका लागि प्रर्याप्त श्रोतको अभाव रहेको छ । |

**२ (ख) संस्था भित्र बलिया र कमजोर पक्षहरु :**

| सिं.नं. | बलिया पक्षहरु | कमजोर पक्षहरु |
|---|---|---|
| १ | कार्यसमितिमा सबै वर्ग, क्षेत्र, लिंग र जात जातीका ब्यक्तिहरुको समानुपातिक र समावेसी प्रतिनिधित्व रहेको छ । | कार्यसमतिका सबै पदाधिकारी तथा जिम्मेवार सदस्यहरुको संस्थागत क्षमता विकास सम्बन्धी कार्यक्रमहरुको आवश्यकता रहेको । |
| २ | सामुहिक छलफलवाट निर्णय गर्ने र संस्थाले गरेका सबै निर्णयहरु कार्यान्वयन हुने गरेको छ । | कार्य समितिका सम्पुर्ण पदाधिकारी हरुको संस्थागत तथा व्यक्तीगत क्षमता विकास का लागि श्रोत अभाव । |
| ३ | संस्थागत विकासका लागि नेतृत्व तहबाट प्रोत्साहन र उत्प्रेरणा प्राप्त भइरहेको छ । | श्रोत संकलन सम्वन्धी सिप र क्षमताको कमिका कारण संस्थाको आन्तरिक श्रोत प्रवर्द्धन गर्न |

| | | |
|---|---|---|
| | | सकिएको छैन् । |
| ४ | कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्याङ्कनका हरेक चरणमा संस्थाको कार्यकारणी समिति सकृयताका साथ खटने गरेको छ । | संस्थाले केन्द्रित गरेर कार्यक्रम कार्यान्वयन गर्ने लक्षित समुदाय समाजमा पिछिडिएको हुनाले टाठाबाठाहरुले उनीहरुका वास्तविक आवश्यक योजनाहरु तर्जुम ागर्न कठिनाई हुने गरेको छ । |
| ५ | महिला, दलित र पछाडि पारिएका वर्गको अधिकतम् सहभागिता रहेको छ । | श्रोत प्रर्याप्त नहुदा संस्थाको काममा प्रयाप्त स्वयम् सेवकहरु परिचालन गर्न सकिएको छैन् । |
| ६ | हालसम्म संस्थाको मुल नेतृत्वमा दलित, महिला र जनजाती समुदायको पकड कायम रहेको छ । | प्रर्यापत श्रोत साधन अभाव हुनुका कारण संस्थाले गरेका सबै निर्णय समय भित्रै कार्यान्वयन हुन सकिरहेका छैनन् । |
| ७ | लक्षित समुदायलाई संस्थाको सदस्यता उपलब्ध गराइने गरेका कारण संस्थासँग लाभान्वित समुदायको अपनत्व बढेको छ । | संस्थाले शुशासनका लागि प्रयाप्त प्रयास गरेपनि जिल्लास्तरीय अन्य निकायहरुमा शुशासनको अभावमा सहकार्यमा कठिनाई हुने गरेको छ । |
| ८ | बिभिन्न उपसमितिहरु गठन भई सकृयताका साथ संस्थाले दिएको जिम्मेवारी निर्वाह गरिरहेका छन भने कार्यसमितिले कार्यक्षमताका आधारमा कामको बाडफाँडगरि अधिकार प्रत्यायोजन गर्ने गरेको छ । | संस्थाको कार्यसमितिका केहि पदाधिकारी तथा बिभिन्न उपसमितिका पदाधिकारीहरु पेशागत रुपमा अन्य काममा भएका कारण समय मिलाउन नसकेकाले टिमवर्कमा कठिनाई उत्पन्न हुने गरेको छ । |
| ९ | संस्थाले निर्माण गरेका नीति, नियम र निर्देशिकाहरु समय सापेक्ष परिवर्तन र संसोधनगरि कार्यसम्पादनमा चुस्तता ल्याउने प्रयास गरिएको छ । | धेरै सदस्य भएकाले संस्थागत हित भन्दा पनि ब्यक्तिगत स्वार्थ केन्द्रित र नेतृत्वमा दाबी गर्ने प्रवृतीका कारण संस्थाभित्र गुटबन्दी मौलाउन सक्ने अवस्था देखिएको छ । |
| १० | कार्यसमिति र कर्मचारीको दोहरो भूमिका निषेध गरिएको छ भने कार्यसमितिका नातेदारलाई संस्थाको नौकरीमा प्रतिबन्ध गरिएको छ । | कार्यसमितिले दोस्रो पुस्ताका लागि नेतृत्व तयार गर्न लामो समय देखि गरेका प्रयासहरु सफल हुन सकिरहेका छैनन् दोस्रो पुस्ता कुशल नेतृत्वका लागि आवश्यक क्षमता अभिवृद्धिमा श्रोत अभाव । |
| ११ | संस्थाको व्यवस्थापन टिम र अन्य कर्मचारीहरु बीच कुशल समन्वय र सञ्चारको व्यवस्थापन गरिएकाले कार्यसम्पादनमा चुस्तता छ । | सामाजिक भावना भन्दा पनि पारिश्रमिक वा अवशरका लागि कामगर्ने प्रवृती सदस्य तथा कर्मचारीहरुमा बढदै गएकाले समस्या उत्पन्न हुने गरेको छ । |
| १२ | कार्यसमिति र कर्मचारी बीच पटक पटक बैठक र अन्तरकृया भई टिमवर्कमा एकरुपता ल्याई कार्यसम्पादन भइरहेको छ । | आर्थिक सहायता र चन्दा सहयोग माग्नेहरुको दबाबका कारण समेत संस्थामा आर्थिक व्यवस्थापनमा समस्या उत्पन्न भइरहेका छन् । |

**२ (ग) संस्थाभित्र चुनौती र अवशरहरु :**

| सिं.नं. | अवशरहरु : | चुनौती |
|---|---|---|
| १ | कार्यसमितिको संरचनामा विविधितामा एकता रहेको छ । भौगौलिक रुपमा समेत जिल्लाका सबै क्षेत्र र लैंगिक तथा जातीय समावेशी चरित्रको कार्यसमिति रहेको छ । | कार्यसमितिका पदाधिकारीहरु पेशागत रुपमा अन्य निकायमा कार्यरत रहेकाले संस्थामा पुरै समय दिन नसकिरहेका कारण दिइएको जिम्मेवारी समयमै पुरा हुन सकिरहेको छैनन् । |
| २ | संस्थाप्रति समुदाय विश्वस्त रहेका छन् । चरम द्वन्द्वको बेला समेत निकै जोखिमयुक्त क्षेत्रमा काम गरेकाले संस्थाप्रति जनविश्वास प्रगाढ रहेको पाइएको छ । | कार्यरत कर्मचारीहरुमा अस्थीरता छ । कार्य अनुभव भएका कर्मचारीहरु उपयुक्त अवशर प्राप्त हुने बित्तिक्कै संस्था छाडने भएकाले नयाँ कर्मचारी व्यवस्थापन चुनौतीपुर्ण हुन्छ । |
| ३ | कार्यसमिति र कर्मचारीहरु बीच पारिवारिक स्नेहको वातावरणका साथै कार्यसम्पादनमा एकरुपता र एकता छ । | कर्मचारीले आफ्नो डयुटी समय भन्दा थप कार्यका लागि संस्थाले थप पारिश्रमिक दिन नसकेकाले समय लिन कठिनाई हुने गरेको छ । |
| ४ | संस्थाका लागि आवश्यक सवै नीति, नियम, निर्देशिक, आवधिक तथा रणनैतीक योजनाहरु तर्जुमा भई अक्षरस कार्यान्वयन भइरहेका छन् । | संस्थामा प्रयाप्त आन्तरिक श्रोत नहुँदा सबै योजना कार्यान्वयनका लागि दातृ निकाय तथा सहयोगी संस्थाहरुसँग सहकार्य गर्नुमात्रै विकल्प देखिएको छ । |
| ५ | कार्यालयका लागि प्रयाप्त कोठा भएको घर भाडामा लिइएको छ भने आवश्यक भौतिक साधनहरु, सवारी साधनहरु र अन्य उपकरणहरुको प्रयाप्त व्यवस्था रहेको छ । | सवारी साधन तथा उपकरणहरुको मर्मत सम्भारका लागि दातृ निकायहरुबाट बजेट प्राप्त नहुने हुँदा आन्तरिक श्रोतको अधिकांस हिस्सा मर्मत सम्भारमै खर्च भइरहेको अवस्था छ । |
| ६ | जिल्लामा कृयासिल अन्य निकायहरुसँगको समन्वय र सहकार्य प्रभावकारी छ । जसका कारण कार्यक्रम तथा योजनाहरु उपलब्धीमुलक, गुणस्तरीय र लक्षित समुदायमा चाडै परिवर्तन ल्याउने किसिमका छन् । | केहि सरकारी कर्मचारीहरुमा गैर सरकारी संस्थाहरुलाई हेर्ने दृष्टिकोण ठिक नभएको र आफ्नो ब्यक्तिगत फाईदाका लागि मात्रै समन्वय सहकार्य गर्ने प्रवृती रहेकाले समान्य किसिमको वाधा उत्पन्न हुने गरेको छ । |
| ७ | संस्थाका पदाधिकारीहरुका साथै संस्थाको व्यवस्थापन टिमका कर्मचारीहरुसँग गैर सरकारी क्षेत्रमा लामो अनुभव भएका दक्ष ब्यक्ति भएकाले संस्थाले चाहेको जुनसुकै काम पनि सहजै गर्न सकिएको छ । | जिल्लास्तरका केहि गैर सरकारी संस्थाहरुमा बढदै गएको अस्वस्थ प्रतिष्प्रर्धाका कारण काम गर्ने वातावरण बिग्रने गरेको छ । राजनीतिक पँहुच र शक्तिका आधारमा कार्यक्रमहरु लिने प्रवृती समेत मौलाएकोले पँहुचको अभावमा काम गर्ने संस्थाहरु समस्यामा पर्न थालेका छन् । |
| ८ | संस्थाले कार्यसम्पादनमा सहजता ल्याउन लैगिंक समावेशीकरण नीति र आचार संहिता लागू गरेको छ । | स्थानीय तहमा गठन भएको न्यायीक समिती सकिय नहुदा गाउमा हुने महिला हिंसाका घट्ना हरु मा कार्वाहि भन्दा मेल मिलाप वढी हुने गरेको । |

## ३: सम्बन्ध र सहकार्य :

**(क) संस्थाको सम्बन्ध र सहकार्य सम्बन्धी बलिया र कमजोर पक्षहरु :**

| सिं.नं. | बलिया पक्षहरु : | कमजोर पक्षहरु : |
|---|---|---|
| १ | जिल्लास्थीत स्थानीय निकाय, विषयगत सरकारी तथा गैर सरकारी कार्यालयहरु र सरोकारवाला निकायसंग प्रभावकारी समन्वय, सहकार्य र सुदृढ सम्बन्ध छ । | जिल्लास्तरमा गैर सरकारी संस्था परिचालन सम्बन्धी आबश्यक नीतिको अभावमा व्यवस्थापन र स्थानीय अधिकारीको स्वभाव तथा व्यवहारका आधारमा समन्वय सहकार्य हुने अवस्था छ । |
| २ | शसस्त्र द्वन्द्वको कठिन मोडमा सकृयताका कारण यस संस्थाको बिभिन्न दातृ निकायहरुसंग प्रभावकारी समन्वय, सहकार्य र सुदृढ सम्बन्ध छ ।। | अस्वच्छ प्रतिष्प्रर्धा, राजनीतिक दबाब र शुशासनको अभावमा केहि निकायहरुसँग सम्बन्ध सुदृढ बनाउन निकै कठिनाई रहेको छ । |
| ३ | जिल्लास्थित बिभिन्न सरोकारवाला निकायहरुको परियोजना सल्लाहकार समिति गठनभई उनीहरुबाट संयूक्त अनुगमन मुल्याङ्कन हुने गरेको छ भने संस्थाका लागि सल्लाह र पृष्ठपोषण प्राप्त हुने गरेको छ । | व्यवहारिक रुपमै सहकार्य समन्वयका लागि सबै पक्षहरु तयार नहुञ्जेल सम्म सहकार्य समन्वय प्रभावकारी नहुने भएकाले समन्वय तथा सहकार्य विस्तार चुनौतीपुर्ण बनेको छ । |
| ४ | जिल्लास्तरमा बिभिन्न निकायहरुले गठन गरेका सञ्जाल तथा समितिहरुमा संस्थाको सकृय सहभागिता रहेको छ । | कतिपय लाभान्वित बर्गबाट यस संस्थाका साथै अन्य निकायहरुबाट समेत उस्तै योजना माग हुने गरेकाले दोहरोपनाको खतरा बढदो छ । |
| ५ | जिल्लास्थित बिभिन्न निकायहरुको नीति निर्माण र आवधिक तथा रणनीतिक योजना तर्जुमा कार्यमा संस्थाको सहभागिताका साथै सहयोग समेत रहने गरेको छ । जसका कारण संस्थाले आफ्ना संस्थागत उदेश्य हासिल गर्नका लागि सहज वातावरण बनेको छ । | स्थानीय सरकारका रुपमा रहेका स्थानीय निकायहरुमा लामो समय देखि जनप्रतिनिधीविहिनताका कारण सहकार्य तथा समन्वय विस्तारमा समस्या उत्पन्न हुने गरेका छन् । कर्मचारीको विवेकका आधारमा समन्वय सहकार्य हुने गरेको छ । |
| ६ | संस्थाले जिल्लास्तरीय सबै निकायहरुसँग समन्वय सहकार्यका लागि योजना तर्जुमागरि समय सापेक्ष बैठक तथा अन्तरकृयाको आयोजनागर्ने गरेको छ । | विकट ग्रामीण वस्तीमा रहेका फिल्ड तथा इलाकाई स्तरीय कार्यालयमा कर्मचारी अभावका साथै भएका कर्मचारी समेत नियमित नबस्ने भएकाले कार्यक्षेत्रमा समन्वय सहकार्य विस्तार निकै चुनौतीपुर्ण भएको छ । |
| ७) | संस्थाले आफ्नो प्रगती प्रतिवेदन सबै सरोकारवाला निकायहरुलाई सम्प्रेषण गर्ने गरेको छ । जसबाट समन्वय बढेको छ । | लामो समय सम्म कार्यालय प्रमुख जिल्ला बाहिर बस्ने र अन्य कर्मचारीलाई जिम्मेवारी नदिने प्रवृती केहि सरकारी कार्यालयमा रहेकाले समेत |

| | | |
|---|---|---|
| | | समन्वय सहकार्य विस्तारमा समस्या उत्पन्न हुने गरेका छन् । |

## ४) संस्थाद्धारा हालसम्म सञ्चालित मुख्य कार्यक्रम, उपलव्धी र सम्बन्ध, सहकार्य :

### ४.१ संस्थाद्धारा सञ्चालित कार्यक्रम तथा मुख्य उपलब्धीहरु :

| कार्यक्रमको नाम | मुख्य उपलब्धीहरु |
|---|---|
| सामुदायिक स्वास्थ्य कार्यक्रम ( सेसी नेपाल, सहकार्य परियोजना ) २००४ देखि २००८ सम्म ।<br>कार्यक्षेत्र : अमरगढी नगरपालिका, गणेशपुर, असिग्राम, आलिताल, जोगबुडा, गांखेत र शिर्ष गाविस | १. लक्षित समुदायमा २५९० घरधुरीमा सुधारिएको चर्पी निर्माणभई प्रयोग गरिरहेकाले खुला दिसाका कारण उत्पन्न हुने रोगव्याधीमा कमि आएको छ ।<br>२. लक्षित समुदायमा ३५ वटा नयाँ शुद्ध खानेपानी योजना निर्माणका साथै ८ वटा खानेपानी योजना मर्मत संभार भई कुल २३७९ घरधुरीले शुद्ध खानेपानी प्रणेग गर्ने र व्यक्तिगत सरसफाईमा ध्यान दिने गरेका छन् ।<br>३.लक्षित समुदायका २२० घरधुरीले धुवाँरहित चुलोको महत्व बुझेर निर्माणगरी प्रयोग गरिरहेका छन् ।<br>४. लक्षित समुदायका ३५० वटा आमा समुह मार्फत पोषण शिक्षा, सुरक्षित मातृत्व शिक्षा, स्वाशप्रश्वास रोग, झाडापाखाला सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु सम्पन्न भएका छन् । जसबाट गर्भवती महिला र बालबालिकाको स्वास्थ्य जाँच गराउने तथा नियमित खोप लगाउने गरेका छन् ।<br>५.लक्षित समुदायका २३ वटा गाँउ -Cluster) हरुमा ५ बर्ष मुनिका बालबालिकाहरुको लागी पोषण शिक्षा तथा पुनस्थापना केन्द्र संचालनभई स्थानीय खानपिनमा सुधार आउनुका साथै पोसिला खानेकुराहरु सन्तुलित रुपमा खानेबानीको विकास भएको छ ।<br>६. तौल लिइएका ४७० बालबालिकाहरु मध्ये कुपोषित १५५ बालिकाहरुलाई पोषण केन्द्रमा भर्ना गरिएको र ६५ बालबालिकाहरु पुर्नस्थापित भएका छन् ।<br>७. १६ ओटा गाँउ घर क्लीनिकहरुका लागि आवश्यक भौतिक सामाग्री सहयोग भई नियमित सेवाप्रदान गरिरहेका छन् । |
| आयआर्जन कार्यक्रमः - आईडीई नेपाल, उज्यालो परियोजना ) २००४ देखि २००७ सम्म ।<br>कार्यक्षेत्र : अमरगढी नगरपालिका, समैजी, चिपुर र देवलदिव्यपुर गाविस । | १. लक्षित समुदायमा १० वटा बाखापालन र ९ वटा ताजा तरकारी उत्पादक किसान समुह गठनभई ब्यवसायिक बाखापालन तथा तरकारी खेतीबाट लक्षित ३७० घरधुरीले बार्षिक औषत २७,००० ले आम्दानी बृद्धि भएको छ ।<br>२. निजी तथा सरकारी क्षेत्रबाट कृषकहरुमा प्रवाह हुने सेवाहरुको गुणस्तरमा सुधार आउनुका साथै व्यवसायीक च्यानलको विकास भएको छ ।<br>३. बजार क्षेत्रमा ब्यावसाय विकास सम्बन्धि क्षमता अभिबृद्धि भई २ वटा तरकारी तथा माशुका छुट्टाछुट्टै बजार ब्यवस्थापन समितिहरु कृयाशिल रहेका छन भने सदरमुकाममा एक नमुना मासु पसल र बधशाला निर्माण गरिएको छ ।<br>४.लक्षित समुदायमा ४ ओटो बाखा नुहाउने पोखरी र २ ओटा बहुउदेश्यीय |

| | |
|---|---|
| | जलश्रोत योजना सम्पन्न भएका छन् ।<br>५.बाखापालन तर्फ ३० जना र तरकारी खेतीतर्फ २७ जना अगुवा किसानहरु तयार भई समुहमा प्रविधी प्रसारमा सघाई रहेका छन् ।<br>६. जिल्लामा पहिलो चोटी अकबरी खुर्सानीको व्यवसायीक उत्पादन शुरु भएको छ भने बेमौसमी प्जाज खेती प्रवर्द्धन गरिएको छ ।<br>७. १७० ओटा थोपा सिँचाई प्रविधीहरु किसानले खेतमा जडान गरेका छन् । |
| दिगो भु- व्यवस्थापन कार्यक्रमः - एस एस एमपि, हेल्भेटास नेपाल) २००४ देखि २००९ सम्म ।<br>कार्यक्षेत्रः वगरकोट, रुपाल, भागेश्वर र गणेशपुर गाविस । | १. लक्षित कार्यक्षेत्रमा २५ वटा दिगो भु व्यवस्थापनमुखी किसान समुह गठन भई समुहका १७० सदस्य घरधुरीले गोठेमल तथा मुत्र व्यवस्थापन गरेका छन् ।<br>२. लक्षित कार्यक्षेत्रमा गोठेमल तथा कम्पोष्ट मलको प्रवर्धन तथा प्रयोग भई रसायनिक मल प्रयोगमा १० प्रतिशतले कमि आएको छ ।<br>३. मिश्रित कोशेबालिको परिक्षण तथा खेती भईरहेको छ ।<br>४. तरकारी खेतीको महत्व तथा फाईदाबुझि करेसाबारी विकास तथा ब्याबसायीक अर्गानिक तरकारी खेतीको शुरुवात भएको छ ।<br>५. संस्थामा दिगो भु व्यवस्थापन सम्बन्धी कामगर्ने ७ जना जनशक्ती तयार भएको छ । |
| प्रकोप पुर्व तयारी तथा राहत कार्यक्रमः( सेभ दि चिल्ड्रेन युएस ) २००५ देखि २००८ सम्म ।<br>कार्यक्षेत्रः डडेल्धुरा जिल्लाका १३ गाविस र नगरपालिका । | १. १५ वटा ऋण समुह गठन भई प्रत्येक समुहमा ७ देखि १० हजार सम्म बचत जम्मा गरिसकेको ।<br>२. उक्त बचतबाट सस्तो ब्याजमा ऋण लिई बिभिन्न ब्यवसायगरी आफनो दैनिक गुजरा चलाउन सक्षम भएका छन ।<br>३. लक्षित समुदायमा आपतकालिन अवस्थामा समुहबाट निश्चित अवधिका लागि निरब्याजे रकम उपलब्ध भएको छ ।<br>४. घरधुरीबाट मुठीदान संकलन भई बाढीपीडित २४० परिवारलाई स्थानीयस्तरमा राहात वितरण गरिएको छ । |
| संस्थागत दिगो परिवर्तन कार्यक्रम : सेभ दी चिल्ड्रेन युएस र NNSWA ) २००५ देखि २००९ सम्म ।<br>संस्थाको संस्थागत विकास संग सम्बन्धित कार्यक्रम । | १. संस्थालाई प्रणालीका रुपमा स्थापना गर्न आवश्यक निति, नियम, निर्देशिका र पद्धतीहरुको विकास भई कार्यान्वयन भईरहेको छ ।<br>२. कार्यसमितिका पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धि भई कार्यक्रम कार्यान्वयनमा गुणस्तर बढ्कोले लक्षित समुदायको जीवनस्तरमा सुधार आएको छ ।<br>३. संस्थाको दिर्घकालिन रणनीतीक योजना तय भई कार्यान्वयन भईरहेको छ ।<br>४. संस्थाका पदाधिकारी, सदस्य तथा कर्मचारीहरुको कार्यक्षमताका साथै नेतृत्व विकासभई संस्थागत विकासमा टेवा पुगेको छ । |
| समता र पँहुच कार्यक्रमः Action Aid Nepal ( २००६ देखि २००९ | १ : ९० समुदायमा रहेका आमासमुहहरुको क्षमता अभिवृद्धिका साथै आमा समुहस्तरमा ५ लाख भन्दा वढी रकमको आपतकालीन कोष स्थापना ।<br>२ : ६ वटा स्वास्थ्य सेवाप्रदायक र जिल्ला स्वास्थय कार्यालयलाई सामाग्री सहयोग । |

| | |
|---|---|
| सम्म ।<br>कार्यक्षेत्र: जोगवुडा, शिर्ष , आलिताल र गाँखेत गाविस । | ३ : ९० ओटा आमा समुहहरुलाई स्टेचर वितरण भई जोखिममा रहेका गर्भवती महिलालाई अस्पताल पुगाउन प्रयोग भइरहेको छ ।<br>४ : लक्षित समुदायका सबै गर्भवती महिलाहरुले नियमित गर्भवती तथा सुत्केरी जाँच गर्नुका साथै बालबालिकाहरुलाई नियमित खोप लगाउने गरिएको छ । |
| सामुदायीक स्वास्थ्य तथा आधारभुत जिविकोपार्जन कार्यक्रम । २००६ देखि २०१० सम्म ।<br>कार्यक्षेत्र: गणेशपुर, आलिताल, शिर्ष र जोगवुढा गाविसहरु | १: सुमदायमा सरसफाई तथा क्षमता अभिवद्धि सम्बन्धी तालिम संचालन ।<br>२: स्वच्छ पिउने पानी तथा सरसफाई सम्वन्धी अभियान सञ्चालनका लागि वाल क्लव गठन तथा परिचालन ।<br>३: सरसफाई अभियान सफलपार्न स्थानीय तथा राष्ट्रिय संचार माध्यममा प्रसार तथा कार्यक्रम प्रशारण, सन्देश सम्प्रेषण ।<br>४: १५० घर परिवारमा आधुनिक शौचालय निर्माण ।<br>५: खानेपानी तथा साना सिँचाई योजनाहरु निर्माण, मर्मत सम्भार ।<br>६: बर्षातको पानी संकलन खानेपानी योजना निर्माण । |
| दिगो जिविकोपार्जन तथा खाद्यसुरक्षा कार्यक्रम । - अक्सफाम नेपाल ) २०१० देखि २०१५ सम्म ।<br>कार्यक्षेत्र : गणेशपुर, आलिताल, शिर्ष, जोगवुढा र देवल गाविस । | १: कार्यक्षेत्रको २२ वटा समुदायमा २६ वटा सामुदायिक विउ बैंक स्थापना ।<br>२: व्यावसायीक रुपमा तरकारी खेतीका लागि ५६ वटा साना सिँचाई योजना निर्माण ।<br>३: कार्यक्षेत्रमा ११० जना स्थानीय श्रोत व्यक्ति तयार तथा परिचालन ।<br>५: छरिएर रहेका समुहहरुलाई एकवद्धता गर्न ५ वटा गाविसमा गाविस स्तरीय सहकारी स्थापना ।<br>६: १२ जना ग्रामिण महिला पशु स्वास्थ्य तथा कृषि सहजकर्ता तयार ।<br>७: कार्यक्षेत्रमा २८ ओटा बिउ बैंक स्थापना तथा बिउ संकलन तथा वितरण<br>८) ७० भूमिहीन परिवारका लागि भाडामा जग्गा लिएर तरकारी खेती प्रवर्द्धन तथा ६० बिपन्न परिवारलाई बाखा सहयोग । |
| खानेपानि तथा सरसफाई कार्यक्रम - अक्सफाम नेपाल ) २०१३ देखि २०१४ सम्म।<br>आलिताल गाविस | १: तीन वटा विद्यालयमा आधुनीक सौचालय निर्माण ले ६९९ छात्र तथा छात्र लाभान्वीत ।<br>२: २७ वटा घरमा वर्षाको पानि संकलनका लागि प्लाष्टिकको ड्रम सहयोग ।<br>३: खुला दिशामुक्त अभियानमा जिल्ला लाई सहयोग । |
| जलवायू परिवर्तन अनुकुल तथा वकालत कार्यक्रम - अक्सफाम नेपाल ) २०१० देखि २०१२ सम्म।<br>आलिताल गाविस । | १ : पानीका मुहान संरक्षणका लागि चेकड्याम निर्माण।<br>२ : पानिका श्रोत संरक्षणका लागि वायो ईन्जीनयरिङ्ग प्रविधि द्धारा वृक्षा रोपण ।<br>३ : वैकल्पिक कृषि प्रविधि सहयोगमा कम पानीमा पनि फल्ने गहुँ तथा धानका वीउ सहयोग । अनुकुलन सम्बन्धी क्षमता अभिवृद्धी ।<br>४ : वर्षातका पानी संकलनका लागि स्थानीय श्रोत परिचालन ।<br>५ : जिल्ला तथा गाविस तहमा जलवायू परिवर्तन नीति तर्जुमा तथा संसोधन र परिमार्जनका लागि पहल । |
| विपद जोखिम | १ : नदी नियन्त्रणका लागि साना तथा ठुला अल्पीकरण कार्यक्रम अर्न्तगत |

| | |
|---|---|
| न्यूनिकरण कार्यक्रम - अक्सफाम र यूरोपियन आयोग) : २०१० देखि २०१४ सम्म । कार्यक्षेत्र : जोगवुढा र आलिताल गाविस । | तटबन्द निर्माण ।<br>२ : जिल्ला तथा गाविसस्तरमा विपद व्यवस्थापन तथा प्रतिकार्य रणनिति निर्माणमा सहयोग ।<br>३ : समुदायमा आधारित पुर्व सूचना प्रणाली र बाढीमापन केन्द्रको स्थापना ।<br>४ : समुदाय तथा स्थानीय निकायको क्षमता अभिवृद्धि ।<br>५ : विकास कार्यक्रमहरुम विपद जोखिम न्युँनीकरण मुलप्रवाहीकरण ।<br>६ : प्रभावित समुदायको अगुवाईमा पुर्व तयारी, विपद व्यवस्थापन तथा विपद पश्चातका कार्यक्रमहरु कार्यान्वयन । |
| खाद्य तथा आर्थिक अधिकार कार्यकम । २०१४ अप्रेल देखी २०१७ मार्च सम्म | १: महिला अधिकारका लागि पैरवी कार्यकम ।<br>२: विद्यालय सौचालय तथा खानेपानि योजना निर्माण ।<br>३ सहकारी संस्था हरुको संसथागत विकासका लागि सहकारी व्यवस्थापन सम्वन्धी तालिम तथा व्यवसायीक योजना निर्माण ।<br>४: आयआर्जनका लागि पोली हाउस तथा विउ सहयोग ।<br>५: व्यवसायीक तरकारी खेतीका लागि साना सिचाई योजना निर्माण । |
| आर्थिक विकास मार्फत विपद जोखिम व्यवस्थापन परियोजना २०१६ सेप्टम्वर देखी २०२१ डिसेम्वर ( आलिताल गाउपालिका र परशुराम नगरपालिका) | १: वाढी तथा पहिरो नियन्त्रणका लागि साना अल्पीकरण योजना हरु निर्माण ।<br>२: वाढी पहिरो रोकथामका लागि जोखीममा रहेका समुदाय हरुमा वृक्षा रोपण।<br>३: व्यवसायीक तरकारी खेतीका लागि तालिम तथा आवश्यक कृषि सामाग्री सहयोग ।<br>४: पशुपालनमा जसीृ गाई सहयोग र समुदाय मार्फत डेरी उद्योग संचालनमा सहयोग ।<br>५: विपद व्यवस्थापन सम्वन्धी यूवा हरु लाई तालिम ।<br>६: जिल्ला तहको विपद प्रतिकार्य योजना निर्माणमा सहयोग ।<br>७: महिला हिंसा न्यूनिकरणका लागि पारिवारिक सम्वाद कार्याकम संचालन ।<br>८: विश्व महामारी कोभिड १९ मा जिल्ला प्रशासन कार्यालय मार्फत जिल्ला भरिनै सरसफाई का सामाग्री तथा कम्वल र पलग हरु सहयोग । |
| सिमान्तकृत वर्गहरुको सामाजीक तथा आर्थिक शसक्तीकरण परियोजना । डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउपालिका र अमरगढी जगरपालिका २०१८ अप्रेल देखी २०२० डिसेम्वर । | १: व्यवसायीक तरकारी खेतीका लागि कृषि सामाग्री तथा आवश्यक तालिम संचालन।<br>२: व्यवसायीक पशुपालनका लागि वंगुर, वाखा र कुखरा सहयोगका साथै आवश्यक पशुपालन सम्वन्धी तालिम संचालन ।<br>३: दुवै स्थानीय निकायमा रहेका जेहेन्दार वालवालिका हरु लाई छात्रवृत्ति सहयोग ।<br>४: सहकारीको संस्थागत विकासमा सहयोग कर्मचारी, कप्यूटर, स्टेशनरी तथा विउपुजी सहयोग ।<br>५: वित्तीय साक्षरता अभिमुखीकरण ।<br>६: लेखा तथा व्यवसायीक योजना निर्माण सम्वन्धी तालिम संचालन ।<br>७: यूवा स्वरोजगार कार्यकम अर्न्तगत तीन महिने सिलाई कटाई तालिम, अचार |

| | |
|---|---|
| | तालिम, वेतवास तालिम संचालन ।<br>८: समुदायमा करेसा वारि तथा वोट विरुवा सहयोग ।<br>९: विश्व महामारी कोभिड १९ का वेला गन्यापधुरा गाउपालिका र अमरगढी नगरपालिकाको २३८० घरपरिवारमा नेपाल सरकारको मापदण्ड अनुसार राहत सहयोग ।<br>१०: महिला हिंसा न्यूनिकरणका लागि पारिवारिक सम्वाद कार्यक्रम संचालन।<br>११: महिला अधिकारका सवाल उठानका लागि रिफलेक्ट कक्षा संचालन । |
| सिमान्तकृत वर्गहरुको सामाजीक तथा आर्थिक शसक्तीकरण परियोजना । डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउपालिका र अमरगढी जगरपालिका २०२१ जनवरी देखी देखी २०२३ डिसेम्वर । | १: व्यवसायीक तरकारी खेतीका लागि कृषि सामाग्री पोली हाउस, थोपा सिाचई विउ तथा आवश्यक तालिम संचालन का साथै कृषी सामाग्री ट्याक्टर, तराजु ,केट सहयोग ।<br>२: व्यवसायीक पशुपालनका लागि वंगुर र वोइलर तथा लोकल कुखरा सहयोगका साथै आवश्यक पशुपालन सम्वन्धी तालिम संचालन ।<br>३: दुवै स्थानीय निकायमा रहेका जेहेन्दार वालवालिका हरु लाई छात्रवृत्ति सहयोग ।<br>४: सहकारीको संस्थागत विकासमा सहयोग कर्मचारी, स्टेशनरी तथा विउपुजी सहयोग ।<br>५: वित्तीय साक्षरता अभिमुखीकरण ।<br>६: लेखा तथा व्यवसायीक योजना निर्माण सम्वन्धी तालिम संचालन ।<br>७: महिला हिंसा न्यूनिकरणका लागि पारिवारिक सम्वाद कार्यक्रम संचालन।<br>८: महिला अधिकारका सवाल उठानका लागि रिफलेक्ट कक्षा संचालन ।<br>९: साना लघुउद्यमी हरु लाई व्यवसाय संचालनका लागि आर्थिक सहयोग ।<br>१०: युवा स्वरोजगार अर्न्तगत युवा लक्षीत तालिम संचालन, टायल तथा पलम्वीग, सवारी संचालन, सिलाई कटाई, व्यूटिसियन ।<br>११: विपद व्यवस्थापनमा यूवा हरु लाइ तालिम ।<br>१२: जलवायू परिवर्तन तथा विपद व्यवस्थापन सम्वन्धी विद्यालयका वालवालिका हरु लाई तालिम ।<br>१३: दुई वटा स्थानीय निकाय अमरगढी नगरपालिका र गन्यापधुरा गाउपालिकाको स्थानीय प्रतिकार्य योजना निर्माणमा सहयोग ।<br>१४: महिला तथा घरेलु हिंसा वारे विद्यालयका वालवालिका सचेतीकरण। |

**४. संस्थाको परिकल्पना (Vision), धेय (Mission), लक्ष्य (Goal) र मुल्य मान्यताहरु (Values and norms) :**

**परिकल्पना (Vision):**

**समतामुलक समाजको निर्माण गर्ने (Creating of equitable society)**

IDeS Strategic

**समतामुलक समाज भन्नाले :** छुवाछुतरहित समाज, छाउपडी जस्ता कुप्रथा नभएको, व्यवस्थित स्वास्थ्य सेवा, छोराछोरीलाई समान ब्यबहार स्वस्थ बाताबरण, शुद्ध खानेपानीको ब्यवस्था र पुर्ण सरसफाई भएको, यातायात भएको, साथै शिक्षा, स्वास्थ्य र आयआर्जनमा महिला, दलित र जनजातिको समान पहँच बढाई समतामुलक समाजको निर्माण गर्ने ।

**ध्येय (Mission):**

महिला, बालबालिका, दलित, जनजाति तथा बिपन्नबर्गका लागी शिक्षा, स्वास्थ्य, आर्थिकस्थिति तथा सामाजिक स्तरमा बृद्धिगरि अधिकार सुनिश्चित गर्ने । (*IDeS is committed to empower the rights of the women, Children, disadvantaged group by providing Education,health and economic service*)

**लक्ष्य (Goal) :**

**संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रका लक्षित समुदायको शिक्षा स्वास्थ्य र आयआर्जनमा सुधार ल्याई मानव अधिकार सुनिचित भएको हुनेछ ।** (*With in the working area of the organization Health education and economic opportunities of the women children , disadvantaged group will be raised up with their secured human rights*)

**मुल्य मान्यताहरु (Values and norms) :**

**परदर्शिता, सहभागिता, सामाजिक न्याय, सृजनशिलता र आपसी सिकाई आदान**
(Our values are Transparency, participation, Social justice ,Equity, creativity Mutual learning)

**४.५ संस्थाका उदेश्यहरु :**

**यस संस्थाका उदेश्यहरु देहाय अनुसार रहेका छन् ।**

१) स्वास्थ्यसंग सम्बन्धित बालवालिका तथा आमाहरुको लागि पोषण, सरसफाई तथा स्वास्थ्य शिक्षा, प्रजनन स्वास्थिय एवं झाडापखाला र श्वासप्रश्वास सम्बन्धी सरुवा रोगहरुका कारण हुने मृत्यु दर घटाउन र स्वास्थ्य जनशक्तीको विकासमा टेवा पुऱ्याउन स्वास्थ्य सम्बन्धी बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

२) कृषिमा निर्भर विपन्न समुदायको कृषि विकास तथा कृषि उद्यम विकासमा जोड दिई आयआर्जन बढाउदै गरिबी न्यूँनीकरणमा टेवा पुऱ्याउने ।

३) लक्षित समुदायका जगदमबा (जनजाती, गरिब, दलित, महिला तथा वालवालिका) समुहहरुलाई सामाजीक परिचालनको माध्यमवाट बिभिन्न सिपमुलक र आयमुलक गतिविधिमा संग्लन गराउदै स्वरोजगारि अभिवृद्धि गर्ने ।

४) असाक्षर तथा अर्धसाक्षर समुदायमा शिक्षा सम्बन्धी बिभिन्न कार्यक्रमहरु सञ्चालनगर्दै साक्षरता अभिवृद्धि र गुणस्तरीय, प्राविधिक तथा जनमुखि शिक्षाको विकासमा टेवा पुऱ्याउने ।

५) प्रयावरण संरक्षण र सम्वर्धनका साथै सबैखाले प्राकृतिक श्रोतहरुको उचित व्यवस्थापन मार्फत लक्षित समुदायको जीवनस्तर उकास्नमा टेवा पुऱ्याउने ।

६) महिला तथा दलित शशक्तिकरण र सम विकासमा जोडदिदैं समतामुलक समाजको निर्माणमा योगदान पुगाउने ।

७) स्थानीय समुदायको क्षमता अभिवृद्धीगर्दै विकासमा जनसहभागिता बढाउन क्रियासिल रहने ।

८) स्थानीय समुदामा परस्प्र सहयोग र भाईचाराको सम्बन्ध स्थापित गर्न र समाज विघटनमा कमि ल्याउदै समाजमा व्याप्त बिभिन्न खाले द्वन्द्वहरु व्यवस्थापनमा योगदान पुगाउने ।

९) समुहमा आधारित संस्थाहरुको क्षमता अभिवृद्धी र संस्थागत विकासमा योगदान पुगाउदैं सेवाप्रदायीहरुबाट प्रवाह हुने सेवाहरुको गुणस्तरमा सुधार ल्याउने ।

१०) शुशासन, मानव अधिकार र सामाजिक न्यायका लागि जनचेतना अभिवृद्धी गर्ने ।

११) मानवीय प्रकोप तथा प्राकृतिक प्रकोपबाट बच्न प्रकोप पुर्व तयारी तथा राहात कार्यक्रमहरु सञ्चालन गर्ने ।

**५) संस्थाको ५ बर्ष रणनिति :**

**(बिक्रम संवत २०७२ देखि २०७६ सम्मका लागी )**

(Strategy of the organization for five years 2015 –2019)

**रणनिति एक (First strategy)**

**महिला तथा दलित सशक्तिकरण :**

एकिकृत विकास समाज डडेल्धुरा महिला तथा सामाजिक विकासको क्रममा पछाडी परेका बर्गहरुको उत्थानका लागी कार्यरत रहने छ । यस सस्थाद्वारा सञ्चालित सबै कार्यक्रमहरु महिला तथा दलित जनजातिहरुको अधिकारमा आधारित आधारभुत आवश्यकताहरुको पुर्नेगरि सञ्चालन गरिने छ । महिला तथा दलितहरुको आर्थिक तथा सामाजिक अवसरहरु तथा आर्थिक बृद्धिगरी परिवार तथा समाजमा उनीहरुको अर्थपुर्ण सहभागिता, निर्णय तथा नेतृत्वमा पँहुच बृद्धि ल्याउने खालका कार्यक्रमहरु संचालन गरिने छ ।

**रणनीति दुई (Second strategy)**

**सहकार्य :**

एकिकृत विकास समाज डडेल्धुराले सञ्चालन गर्ने कार्यक्रमहरु सहकार्यमा आधारित हुने छन् । सहकार्यको लागी सरकारी, गैरसरकारी, स्थानीय समुहहरु, सहकारी क्षेत्र, नीजी क्षेत्र लगायत राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुका साथै दातृ निकायहरुसँग आर्थिक तथा प्रावधिक सहकार्यको स्थापना गरिने छ । यसको अलवा स्थानीय क्षेत्रीय, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संजालहरुको सदस्यतामा बृद्धिगर्दै त्यस संजाल मार्फत समाजको विकासमा टेवा पुऱ्याईने छ ।

**रणनीति तीन (Third Strategy)**

**जन वकालत तथा पैरवी**

वर्तमान असमान समाजको उत्थानको लागि त्यस्ता बर्ग तथा समुहमा राष्ट्रको श्रोत तथा सेवा पुऱ्याउन बाधापर्ने स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय नीति नियमलाई समय सापेक्ष परिवर्तनकालागी स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय स्तरमा जनवकालत तथा पैरवी कार्य गरिने छ । यस्ता जनवकालत तथा पैरवी कार्यक्रमको लागी कार्यशाला चेतनामुलक कार्यक्रमहरु सभा, जुलुस तथा दबाब समुहहरुद्वारा वकालत कार्यक्रम सञ्चालन गरिने छ । यस्ता कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउनका लागि मोडेल नुमना समेत प्रस्तुत गरिने छ ।

**रणनीति चार (Fourth Strategy)**

**सहभागिता :**

एकिकृत विकास समाज डडेल्धुरा सहभागितामा आधारित कार्यक्रमहरुमा बिश्वास राख्दछ । यस संस्थाले सञ्चालन गर्ने सबै कार्यक्रम तथा परियोजना चक्रका हरेक चरणहरुमा स्थानीय उपभोक्ता तथा लक्षित समुदायहरुको सहभागिता अपरिहार्य हुने छ । तर, स्थानीय जिवनस्तर तथा परिस्थतिको आधारमा संस्थाले बस्तुगत सहभागिताको अलवा विचार, नीतिगत सहभागिता **रणनीति**को आधारमा कार्यक्रम सञ्चालन गर्न सकिने छ । भौगौलिक क्षेत्र, बर्ग, लिंग, जातजाती, पेशागत समुदाय, सरोकारवाला सरकारी तथा गैर सरकारी निकाय, सहकारी क्षेत्र, निजी क्षेत्र, अपांगता भएका ब्यक्तिहरु, पिछिडिएको समुदाय, अल्पसंख्यक तथा सिमान्तकृत समुदाय लगायतको सहभागिता सुनिश्चित गर्न संस्थाले आफ्ना नीति नियम र कार्यक्रम निर्देशिकाहरुमा समय सापेक्ष परिमार्जनगरि सहभागिता नीति अवलम्बन गर्नेछ ।

**रणनीति पाँच (Fifth Strategy)**

**अधिकारमुखी कार्यक्रम :**

संस्थाले सञ्चालन गर्ने सम्पुर्ण कायक्रमहरु मानव अधिकार त्यसमा पनि महिला अधिकार, बाल अधिकार, जनजातिको अधिकार तथा आधारभुत आवश्यकताबाट बञ्चित समाजको अधिकारको लागि कार्य गरिने छ । त्यस्ता कार्यहरुगर्दा अर्न्तराष्ट्रिय संन्धि सम्झौता, स्थानीय संस्कार र संस्कृति, स्थानीय, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय नीति नियमहरुको आधारमा गरिने छ ।

**रणनीति छ (Sixth Strategy)**

**समावेसीकरण :**

नेपाल बहुभाषी, बहुजातीय तथा बहुधार्मीक देश भएको र बर्तमान लोकतान्त्रिक परिबेशमा सबै भाषिक, जातजाती तथा धार्मिक सम्प्रदायको समाज विकासमा महत्वपुर्ण भुमिका हुने हुनाले संस्थाले सञ्चालन गर्ने सबै कार्यक्रमहरु समाबेशिकरणको आधारमा सञ्चालन गरिने छ । समाबेशिकरण भन्नाले जातीय तथा लैगिंक संख्याको आधारमा मात्र नभई कार्यक्रमको हरेक चरणहरु संस्थाको संगठन तथा कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन तथा प्रभावलाई समेत समावेशी बनाईने छ । समावेशीकरणलाई अझ प्रभावकारी बनाउन भौगौलिक क्षेत्र, बर्ग, लिंग, जातजाती, पेशागत समुदाय, सरोकारवाला सरकारी

IDeS Strategic

तथा गैर सरकारी निकाय, सहकारी क्षेत्र, निजी क्षेत्र, अपांगता भएका व्यक्तिहरु, पिछिडिएको समुदाय, अल्पसंख्यक तथा सिमान्तकृत समुदाय लगायतको सहभागिता र निर्णय तथा नेतृत्वमा पँहुच सुनिश्चित गर्न संस्थाले आफ्ना नीति नियम र कार्यक्रम निर्देशिकाहरुमा समय सापेक्ष परिमार्जनगरि समावेशी नीति अवलम्बन गर्नेछ ।

## रणनीति सात (Seventh Strategy)

**संस्थागत विकास :**

संस्थालाई आत्मनिर्भर बनाई संस्थाले दिने सेवाको गुणस्तरीयताको छवि बनाउन नेपालको परिपेक्षमा संस्थागत विकास हुनु महत्वपुर्ण छ । यस अवधिमा संस्थाको विकास गर्न बिभिन्न दातृ निकाय संग सहकार्यको बिस्तार तथा बिभिन्न सञ्जालको सदस्यतामा बृद्धि, समुदायको सदस्यतामा लक्षित समुदायको सदस्यतामा बृद्धि, संस्थाको निति नियम निमार्ण तथा कार्यान्वयन स्थानिय सरकार तथा अन्य संघसंस्थाहरुको स्रोतको अधिकतम प्रयोग, संस्थाको आन्तरिक श्रोत परिचालन र संस्थागत क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## रणनीति आठ (Eihth startegy)

**विपद जोखिम न्युँनीकरण तथा विकासमा मुलप्रवाहीकरण :**

जिल्लाको भूबनोटलाई नियाल्दा भित्रिमधेस क्षेत्रमा कमजोर भुवनोट र अति सम्वेदनसिल चुरे क्षेत्रवाट वग्ने नदि र खहरे खोलाहरुको कारण वर्षेनी ठुलो मानविय तथा भौतिक क्षती हुने गरेको छ । वन विनास र प्रर्यावरण संरक्षणमा लाकपरवाहिका कारण जलवायू परिवर्तनका जोखिम समेत बढदै गएको छ । यसैगरि पहाडी क्षेत्रमा बाढीका साथै पहिरोको विपद बढदो छ । यसैगरि, हावाहुरी, आगलागी तथा डढेलो, खडेरी, अतिवृष्टी, अनावृष्टी, भूकुम्पीय जोखिम, महामारी लगायतका मानव सिर्जित तथा प्राकृतिक प्रकोपहरुको जोखिम बढदै गएको अवस्था छ ।

यसर्थ यस किसिमका समस्याहरुको समाधानका लागि संस्थाले विपद जोखिम न्यूँनिकरण र जलवायू अनुकुलता सम्वन्धी कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने छ । स्थानीय निकाय र सरकारको अगुवाईमा जिल्लास्थीत सवै सरोकावाला निकायहरुको समेतको सहयोगमा समन्वय र सहकार्यमा कलष्टर एप्रोजमा प्रकोप पुर्व तयारी, खोजतथा उद्धार, राहत तथा पुर्नस्थापना सम्वन्धी कृयाकलापहरु प्रभावकारी रुपमा कार्यान्वयन भएका हुनेछन ।

विपद जोखिम न्यूनिकरणका लागि समुदायस्तरबाट पहल गर्ने परिपाटिको थालनी गर्न प्रभावित समुदायमा क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयन गरिने छ । प्रभावित समुदायकै अगुवाईमा पुर्व तयारी तथा राहत र पुर्नस्थापनाका कार्यक्रमहरुका लागि माग गर्ने परिपाटिको सुरुवात भएको हुने छ । प्रभावित समुदासयबाटै विपद जोखिम व्यवस्थापन, पुर्व सूचना प्रणाली र आवबश्यक अल्पीकरण सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन भएका हुनेछन् । यसैगरि वन तथा प्राकृतिक श्रोतहरुको संरक्षण सम्वर्द्धनबाट सम्भावित प्रकोप न्युँनीकरणका लागि पहल भएको हुने छ । साथै विपद जोखिम न्युनीकरणका लागि गाविस, नगरपालिका र जिल्लास्तरीय योजनाहरु तर्जुमा भई विपदलाई विकाससँग मुलप्रवाहीकरण गरिने छ । जिल्लास्थित सरोकारवाला निकायहरुको सामुहिक पहल र प्रभावित समुदायमा आपतकालिन कोषको स्थापना तथा परिचालनमा जोड दिइने छ ।

## ६.९ रणनीती नौ ( **Ninth Strategy** )

**दिगो जिविकोपार्जन तथा खाद्य सम्प्रभुता :**

बढ्दो जनसंख्या, खेतीयोग्य जमिन सिमति रहनु र परम्परागत निर्वाहमुखि खेती प्रणालीका कारण उत्पादन उव उत्पादकत्व घट्दै जाँदा कार्यक्षेत्रमा खाद्य असुरक्षा बढ्ेको छ । खाद्य असुरक्षाकै कारण कार्यक्षेत्रमा रहेका लक्षीत समुदायका अधिकांस मानिसहरु कामको खोजीमा विदेश पलायन हुने हुँदा ग्रामिण क्षेत्रमा विकास निर्माणका कार्यक्रमहरु समेत प्रभावित भईरहेका छन ।

कृषि क्षेत्रको दिगो र व्यवसायीक विकास मार्फत उत्पादकत्व र उत्पादन बृद्धी गराउदै सहजै खाद्यान उपलब्ध हुने अवस्था सिर्जना गर्न कृषि विकास तथा पशुपालनमा सुधार ल्याउने किसिमका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिने छन भने उपलब्ध खाद्यानको उपभोग सम्बन्धी व्यवहार परिवर्तनमा समेत जोड दिइने छ । अति विपन्न वर्ग र भूमिहिन किसानहरुको खाद्य सुरक्षा सुनिश्चत गर्न उनीहरुको आर्थिक विकास र आयआर्जनमा जोडदिदैं लघु उद्यम विकास, स्वरोजगारी पैवर्द्धन र आयआर्जन बढाउन उनीहरुमा रहेको परम्परागत सिप विकास तथा सहकारीमा आधारित आर्थिक विकास र वित्तीय सेवाको पँहुच बढाउन विभिन्न कार्यक्रमहरु कार्यान्वन गरिने छन् । प्राकृतिक श्रोत साधनहरुको उचित व्यवस्थापन र सदुपयोगका लागि विपन्न तथा पिछिडिएका समुदायको क्षमता अभिवृद्धीगर्दै उनीहरुको खाद्य सम्प्रभुता सुनिश्चित गर्ने किसिमका ध्येयका लागि परिचालन गरिने छ ।

## ७). पाँच बर्षे रणनितिका मुख्य उदेश्यहरु :

पाँचबर्षे यस रणनैतिक योजनाका तपसिल बमोजिका उदेश्यहरु रहेका छन ।

७. १) हालको तथ्याङ्गगत अवस्थाबाट आगामी ५ बर्षमा बिभिन्न कारणले बिद्यालय जान बञ्जित ५ देखि १२ बर्ष सम्मका कार्यक्षेत्रका बालबालिकाहरुको प्राथमिक बिद्यालय पुरा गर्नेको संख्या दरमा ३५ प्रतिशतले बुद्धि हुनुका साथै १० बर्ष देखि १९ बर्षका किशोर किशोरीहरुको विद्यालय छाडने दरमा कमि आउने छ (To Increase the number of school going student of 5-12 years by 35 of the present contex and 10-19 age groups drop out rate will be minimize. Indicators :By which we can measurer the achievement )

उपलब्धी एक : बिद्यालय भर्ना दरमा बृद्धि हुनेछ ।

उपलब्धी दुई : बिद्यालयको भौतिक अवस्थामा सुधार आउने छ ।

उपलब्धी तिन : बिद्यार्थीहरुको स्कुल उपस्थितिमा बुद्धि आउने छ ।

उपलब्धी चार : जिल्ला शिक्षा कार्यालयसंगको समन्वयमा सुधार आउने छ ।

उपलब्धी पाँच : किशोरीहरुले जीवन उपयोगी शिक्षा हासिलगरि जीवनस्तरमा सुधार आउने छ ।

उपलब्धी छ : विद्यालय छाडने किशोर किशोरीहरुको संख्यामा कमि आउने छ ।

एकिकृत विकास समाज डडेल्धुरा समुदायमा आधारित स्थानीय संस्था हो । यस संस्थामा स्थानीय महिला तथा दलित समुहद्वारा स्थानीय सेवा सञ्चालन गर्ने भएकोले शिक्षा कार्यक्रम अर्न्तगत सञ्चालन गरिने सबै कार्यहरु पनि समुहमा आधारित हुने छ । स्थानीय बचत समुह लगायत बिभिन्न आयआर्जन

तथा स्वास्थ्य समुहलाई तिनीहरुको आफ्नै तथा छिमेकीको छोराछोरीलाई बिद्यालय पठाउने कार्यमा परिचालन गरिने छ ।

संस्थाले यस कार्यक्रम सञ्चालन गर्न संस्था भित्र एक ईकाईको स्थापना गर्ने छ र उक्त ईकाई मार्फत जिल्ला शिक्षा कार्यालयसंग कार्यगत एकता कायमगरी नेपाल सरकारको स्रोतको अधिकतम परिचालन गरि अन्य दाताहरु तथा सबैका लागी शिक्षा कार्यक्रम बाट उपलब्ध साधन र स्रोतहरुको परिचालन गरिने छ । यस कार्यक्रम अर्न्तगत महिला साक्षरता, स्कुलबाट बिमुख केटाकेटीहरुको लागी अतिरिक्त शिक्षा जस्ता कार्यहरु सञ्चालन गरी केटाकेटीहरुलाई बिद्यालयमा भर्ना गरिने छ ।

उपलब्ध स्रोत तथा साधनहरुको आधारमा स्थानीय बिद्यालयको भौतिक तथा शैक्षिक अवस्थामा सुधार ल्याउन बिद्यालय भवन निमार्ण, फर्निचर सहयोग तथा शैक्षिक सामाग्री तथा छात्राबृती जस्ता कार्यक्रम संचालन गरी बिद्यालय तथा बिद्यार्थीहरुको आधारभुत शैक्षिक अवस्थामा सुधार ल्याईने छ । विद्यालय निकै टाढा भएका समुदायहरुमा बाल विकास केन्द्र स्थापनाका लागि पहल गरिने छ । शिक्षा कार्यक्रमको मुल लक्षित समुह दलित छात्राहरु तथा गरिब तथा जनजातीका बालबालिका हुनेछन भने प्राथमिक शिक्षा हासिल गर्ने उमेरका सबै बालबालिकाहरु विद्यालय भर्ना भएका हुनेछन भने अधुरैमा विद्यालय छाडने किशोर किशोरीहरुको संख्या घटेको हुने छ ।

७.२. हालसम्मको तथ्याङ्कगत अवस्थाबाट आगामी पाँच बर्षमा आफ्नो कार्य क्षेत्रका मातृ तथा बाल मृत्यृ दरमा २० प्रतिशतले कमि ल्याइने छ । (TO decrease the mother mortal rate by 10% by the present situation) IndictorsM by which we can measure the achievement)

**उपलब्धी** एक : गर्भवती पुरा चार पटक जाँच गर्नेको संख्यामा बृद्धि आउने छ ।
**उपलब्धी** दुई : तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सुत्केरी गराउनेको संख्यामा बृद्धि आउने छ ।
**उपलब्धी** तीन : यौन रोगको पुर्ण उपचार गराउने जोडीको संख्यामा बृद्धि आउने छ ।
उपलब्धी चार : गर्भवती महिला तथा बालबालिकाहरुको पोषण अवस्थामा सुधार आउने छ ।
उपलब्धी पाँच : उमेर अनुसार सबै आमा र बालबालिकाहरुले नियमित खोप लिएका हुनेछन् ।
उपलब्धी छ : लक्षित कार्यक्षेत्रका सबै घरधुरीले घरबारी ब्यबस्थापन गरेका हुनेछन् ।

संस्थाको संगठन ढाँचाभित्र स्वास्थ्य स्वास्थ्य उप समितिको स्थापना गरिने छ । यस उपसमितिले मुलत नेपाल सरकारको स्थानिय सरकार तथा स्वास्थ्य निकायसंग कार्यगत एकता कायम गरी सरकार द्वारा निर्धारित मातृ स्वास्थ्य कार्यकमलाई जनस्तरमा प्रभावकारी तरिकाले सञ्चालन गर्न तथा त्यसको फाईदा ग्रामिण र फाईदाबाट बञ्चित महिलाहरु बीच पुयाउन मदत गरिने छ । मातृ तथा बाल स्वास्थ्य जनस्वास्थ्यको आधारभुत क्षेत्र भएकोले मातृ तथा बाल स्वास्थ्यलाई प्रत्यक्ष तथा अप्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरु जस्तै सुरक्षित मातृत्व, बाल स्याहार कार्यक्रमलाई स्थानीय पछाडि परेका महिलाहरु बीच पुगाउन आमा समुहहरु गठन, पुर्नगठन तथा ती समुहहरुको क्षमतामा सुधार ल्याउन तालिम, क्षमता अभिवृद्धी र ब्यबहार परिवर्तन सम्बन्धी कार्यक्रमहरु प्रभावकारी र उपलब्धीमुलक किसिमले सञ्चालन गरिने छन ।

उपलब्ध स्रोतको परिचालन तथा स्रोतको ब्यवस्थापन गरि स्थानिय महिला स्वयमसेबिकाहरुको क्षमता सुधार, स्थानिय उपस्वास्थ्य चौकिको सेवामा गुणस्तरमा बृद्धि ल्याउने गरी उपस्वास्थ्य चौकी सहयोग कार्यक्रमहरु सञ्चालन गरिने छ । गर्भवती आमा र बच्चाको सुरक्षाका लागी परिवार नियोजनको अस्थाई तथा स्थाई उपायहरुको बारेमा सामुदायिक जागरण कार्यक्रम संचालन गरिने छ । गर्भवती सुरक्षा तथा

सुरक्षित सुत्केरी कार्यमा पुरुषहरुको भुमिका बृद्धि ल्याउन र पुरुषहरुलाई थप जिम्मेवार बनाउन असल श्रीमान कार्यक्रम सञ्चालन गरिने छ । एच. आई. भि /एड्स तथा यौन रोगको रोगथामका लागी सामुदायिक जागरण कार्यकम स.चालन गरिनेछ। समुदायमा रहेका यौन रोगी महिलाहरुको पहिचान गरी श्रीमान सहितको उपचार गर्न उपचारात्मक कार्यक्रमहरु संचालन गरिने छन । पाँच बर्ष भन्दा तलका शिशुहरुको स्वास्थ्यमा सुधार ल्याई बर्तमान शिशु मुत्युदरका ब्यापक कटौती गर्ने गरि बाल स्वास्थ्यमा स्थानीय परिचालन कार्यक्रम ल्याईने छ । बिस्तारित खोप कार्यक्रमको प्रचार प्रसार तथा सामुदायिक जागरण कार्यक्रम संचालनगरि बिस्तारित पुरा खोप असल नानी कार्यक्रम संचालन गरिने छ ।

बाल स्वाशप्रश्वास रोगमा कमि ल्याउन सुधारिएको चुलो कार्यक्रमलाई प्रवर्धनगरि धुँवारहित चुलोको व्यापक प्रयोगमा ल्याईने छ । बाल स्वाशप्रश्वास रोगको पहिचान स्वास्थ्य चौकीमा रेफरको लागस सामुदायिक प्रचारप्रसार तथा स्थानिय स्वास्थ्य चौकीहरु मार्फत प्रभावकारी उपचारका लागी स्थानीय स्वास्थ्यकर्मीहरुलाई तालिम तथा औषधी सहयोग कार्य गरिने छ। एपचार गरिएका शिशुहरुको प्रभावकारी उपचारका लागी उपचार अवधिमा नै अनुगमन गर्न स्थानिय सामुदायिक स्वयमसेबिकाहरु त्था मातृ शिशु कार्यकर्ताहरु लाई परिचालन गरिने छ ।

गाँउघर क्लिनकहरुमा आमा समुहहरुको सहभागिता नानीहरुको निरन्तर स्वास्थ्य परिक्षणमा बृद्धि गरिने छ । शिशुहरुको स्वास्थ्य प्रवर्धन गर्ने हेतुले शिशु प्रदर्शनी तथा पुरुस्कार कार्यकमहरु संचालन गरिने छ। शिशुहरुको पोषणमा सकरात्मक सुधार ल्याउने गरी सामुदायिक पोषण कार्यक्रम संचालन गरिने छ । सामुदायिक पोषण कार्यक्रमहरुबाट शिशुहरुको नियमित तौल लिने कुपोषित शिशुहरुको पहिचान गरि अतिरिक्त पोषणको लागी पुनस्थापना केन्द्रहरुमा संचालन गरी उपचार गर्ने घरघरमा करेसाबारीको प्रवर्धन गरी पोषणको न्युनतम आवश्यकता परिवारबाटै पुरा गराउने गरी कार्यक्रमहरु सञ्चालन गरिने छ । आमा समुहमार्फत पोषण शिक्षा प्रधान गर्ने र शिशु पोषणमा सुधार ल्याउन घरभेट कार्यकमहरु संचालन गरिने छ । माइक्रो कुपोषणबाट शिशुहरुलाई जोगाउन समुदायमा आयोडिन युक्त नुन उपभोगको लागि प्रचार प्रसार, भिटामिन ए कार्यक्रम, जुकाको औषधि वितरण तथा बिस्तारित खाप जस्ता आधारभुत कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

**७.३.** हाल सम्मको तथ्याङ्गगत अवस्थाबाट आगामी ५ बर्षमा आफ्नो कार्यक्षेत्रका लक्षित परिवारको आर्थिक सुधारमा जोडदिदैं बार्षिक औषत रु १५००० ले आयस्तर बृद्धि गर्ने साथै दिगो जिविकोपार्जन तथा खाद्य सुरक्षाको अवस्थामा सुधार ल्याउने । (TO increase the annul income of the beneficiaries household average 15000. NPR, at the end of 2015 and to access food security and livelyhood) Indicators : By which we can measure the achievement)

उपलब्धी एक : समुदायमा आयआर्जनको अवसरमा बृद्धि आउने छ ।

उपलब्धी दुई : महिलाको पारिवारिक तथा सामाजिक स्रोतमा पहुँच तथा नियन्त्रणमा बृद्धि आउने छ ।

उपलब्धी तीन : महिला उद्यमीको संख्यामा बृद्धि हुनुका साथै बजारसँगको सम्बन्ध विस्तार भएको हुने छ ।

उपलब्धी चार : खानपिन सम्बन्धी ब्यबहारमा परिवर्तन हुनुका साथै खाद्य सुरक्षाको अवस्थामा सुधार आएको हुनेछ ।

उपलब्धी पाँच : व्यवसायीक कृषि विकास मार्फत खाद्यान उत्पादन र उपलब्धता हालको तुलनामा ३० प्रतिसतले अभिवृद्धी भएको हुने छ ।

उपलब्धी छ : समुह तथा सहकारी व्यवस्थापन मार्फत विपन्न समुदायिको वित्तीय सेवामा पँहुच बढेको हुने छ

समाजमा महिलाहरुको जीवनस्तरमा सुधार ल्याउदै समाज विकासको मुलधारमा समायोजित गर्नेगरि महिला केन्द्रित आयआर्जनमुखी कृयाकलापहरु सञ्चालन गरिने छ । निरपेक्ष गरिबीको रेखामुनी रहेका समुदायका महिलाहरुको समुह पहिचानगरि ति समुहहरुको आर्थिक अवसरमा सुधार ल्याईने छ । बचत तथा ऋण समुह, कृषि समुह, लघु उद्यमी समुहमा महिलाहरुलाई सम्वद्धगरि उनीहरुको क्षमत विकास मार्फत सञ्जाल निर्माण तथा सहकारीमा परिणतगर्दै लगिने छ ।

स्थानीय श्रोत साधनको अधिकतम परिचालनगरि महिलाहरुको आयमा बृद्धि ल्याउन पशुपालन, व्यक्तिगत तथा सामुदायिक तरकारी खेती, खुद्रा पसल तथा स्थानीय कृषिमा आधारित लघु उद्यम सञ्चालन गर्न उनीहरुको क्षमता विकास तथा शशक्तिकरणमा जोड दिइने छ । बिभिन्न कृषि सेवा प्रदायक तथा वित्तीय सेवा प्रदायकहरुसँग समन्वय सहकार्य गर्न लगाई विपन्न समुदायलाई उद्यमी बनाउन व्यवसायीक योजना तर्जुमा सम्बन्धी क्षमता विकास गरिने छ । सम्भाव्य उद्यमहरुमा लगानी गर्न उनीहरुलाई प्रेरितगरि आर्थिक अबस्थामा सुधार ल्याइने छ भने विपन्न समुदायको उद्यम विकासका लागि लगानी अभिवृद्धी गर्न बिभिन्न दातृ निकायहरुसँग सहकार्य गरिने छ ।

७.४) आगामी ५ बर्ष भित्रमा कार्यक्षेत्रका २००० घर परिवारहरुलाई शुद्ध र सफा खानेपानी उपलब्ध गराउनुका साथै ब्यक्तिगत, पारिवारिक र सामुदायीक सरसफाई प्रवर्द्धनमा सहयोग गरिने छ ।

(To provide the clean drinking water and to promote personal, household and public satination hygen with 2000 household Beneficiaries at the of 2015)

Indicators (By which we can measure the achievement)

**उपलब्धी एक : परजिविजन्य रोगीको संख्यामा कमि आउने छ ।**

**उपलब्धी दुई : महिलाहरुको कार्यबोझमा कमि आउने छ ।**

**उपलब्धी तीन : लक्षित समुदायहरु खुला दिसा मुक्त भएका हुनेछन् ।**

**उपलब्धी चार : लक्षित सामुदायका सार्वजनिक स्थलहरुमा शौचालय निर्माण भएको हुने छ ।**

शुद्ध खानेपानी तथा ब्यक्तिगत सरसफाईमा प्रवर्धन गर्ने गरि साना स्तरको सामुदायिक खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालन गरिने छ । स्थानीय उपभोक्ता समुह गठनगरी सञ्चालित खानेपानी परियोजनाहरुको संरक्षण तथा प्रवर्द्धन गरिने छ । ग्रामिण स्वास्थ्य सुधारको लागी पारिवारिक तथा सार्बजनिक शौचालयको निमार्ण तथा प्रयोगमा बृद्धि ल्याउन ग्रामिण सचेतना कार्यक्रम संचालन गरिने छ । स्थानीय निकायहरुसँग समन्वयगरि समुदाय, वडा, गाँउ, नगर र जिल्लालाई खुला दिसा मुक्त क्षेत्र घोषणा गर्न सामाजिक परिचालन गरिने छ ।

**७.५) संस्थागत विकास**

आगामी पाँच बर्ष भित्रमा संस्थाको कार्यक्षेत्रमा बिस्तार भई हालको लक्षित समुदायको संख्यामा दोब्बर बृद्धि गरिएको हुनेछ भने संस्थाको आन्तरीक कोष हालको तुलनामा १०० प्रतिसतले बृद्धि भएको हुनेछ । (To Increase the number of beneficiaries of the organization by double and the internal fund by 100% at the end of 2015)

उपलब्धी एक : संस्थाद्धारा संचालित कार्यक्रमबाट फाईदा पाउने दलित जनजाती तथा गरिवहरुको संख्यामा बृद्धि आउने छ ।

उपलब्धी दुई : संस्थाको एकाई कार्यालयको स्थापना संख्यामा बृद्धि ।

**उपलब्धी तीन :** संस्थाको आन्तरिक कोषमा बृद्धि भएको हुनेछ ।

संस्थाले प्रवाहगर्ने सेवाको गुणस्तरमा बृद्धीगर्दै यस एकिकृत विकास समाजले महिला, जनजाती, वालवालिका, दलित, पिछडिएका र अति गरिव वर्गको सेवामा विस्तार गरेर सेवा पाउनेको संख्यामा बृद्धि आउने छ । यस प्रयोजनका लागी संस्थाको श्रोत परिचालन उप समितीलाई सक्रियपार्दै श्रोत साधनहरु संस्थामा बढाउन बिशेष पहल गरिने छ ।

सन २०२३ सम्म जिल्लाको भित्रिमधेश क्षेत्र लगायत अन्य ईलाकाहरुमा कम्तीमा पनि यस संस्थाका दुई वटा ईलाका कार्यालयहरु स्थापित भइका हुनेछन् । संस्थागत विकासका लागी संस्थाको आन्तरिक कोष महत्वपूर्ण मानिने हुदा संस्थागत कोष बृद्धि गर्न कार्यसमिती भित्र एक अर्थ संकलन उपसमिती गठन गरि सो समिती मार्फत विभिन्न अर्थ संकलन तथा आय आर्जन कार्यक्रमह संञ्चालन गरिनेछ ।

७.६) आगामी पाँच बर्षभित्रमा डडेल्धुरा जिल्लाको भित्रिमधेश क्षेत्रका बाढी प्रभावित समुदायमा विपद जोखीम न्युनीकरणका लागी क्षमता अभिबृद्धि कार्यक्रम संञ्चालन भई मानवीय तथा भौतिक क्षतिमा कमी आएको हुनेछ ।

(To enhance capacity building of flood effective community, iner terai belt of the Dadeldhura district for reduce human and Physical Loss)

Indicators: by Which we can measure the achievement .

**उपलब्धी** एक : लक्षित समुदायमा पुर्व सुचना प्रणाली स्थापना भई कार्यान्वयनमा आएको हुनेछ ।

**उपलब्धी** दुई : प्रभावित समुदायका विपद जोखिम न्युनिकरण सम्बन्धि ब्यबस्थापन समितीहरु गठनभई स्थानीय श्रोत साधनको प्रयोग मार्फत विपद ब्यबस्थापनमा सकृय भएका हुनेछन् । (

**उपलब्धी** तीन : बिद्यालयमा आधारित विपद जोखिम कृयाक्लापहरु मार्फत विद्यार्थीलाई विपद पूर्व र विपद पश्चात गरिने कृयाकलापहरुको बारेमा जानकारी भएको हुनेछ ।

**उपलब्धी** चार : साना अल्पीकरणका कृयाकलाप मार्फत समुदायमा रहेको जोखिम क्षेत्र लाई पुनर्स्थापना गरेका हुनेछन् ।

**उपलब्धी** पाँच : प्रभावित समुदायमा गठित विपद ब्यबस्थापन समितीको संस्थागत विकास का लागी जिल्ला र राष्ट्रिय सञ्जालसंग आवद्धता गरिएको हुनेछ ।

**उपलब्धी छ :** गाँउ, नगर र जिल्लास्तरमा विपद जोखिम व्यवस्थापन योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ ।

**उपलब्धी सात :** जिल्लास्थित विकास सेवाप्रदायक निकायहरुले कार्यान्वयन गर्ने विकासका हरेक कार्यक्रममा विपद जोखिम न्युँनीकरण सम्बन्धी कृयाकलापहरु मुलप्रवाहीकरण गरिएको हुने छ ।

७.६) आगामी तीन बर्ष भित्रमा दलित तथा महिला सशक्तिकरण मार्फत समुदायमा सामाजिक विभेदमा कमी ल्याईने छ । (To Decries Social injustice from Dalit and Women empowerment) Indicators: by which we can measure the Achievement.

**उपलब्धी** एक : लक्षित समुदायका दलित तथा महिलाहरुमा ब्याप्त अन्धविश्वासका कारण हुने जातीय तथा लैगीक विभेदमा कमी आएको हुनेछ ।

**उपलब्धी** दुई : कार्यक्षेत्रमा रहेका छाउपडी गोठहरु हटाउन महिलाहरुकै अगुवाईमा अभियान संञ्चालन भई छाउपडी प्रथा मुक्त समुदाय घोषणा गरिने छन् ।

## ८) संस्थाका पाँच बर्षे कृयाकलापहरु

यस रणनैतिक योजना अवधीमा संस्थाका तपसिल अनुसारका रणनितिक उद्देश्यहरु हासिल गर्न तपसिलका कृयाक्लापहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिने छन् ।

Objective 1 : १) हालको तथ्याङ्गगत अवस्थाबाट आगामी ५ बर्षमा बिभिन्न कारणले बिद्यालय जान बञ्जित ५ देखि १२ बर्ष सम्मका कार्यक्षेत्रका बालबालिकाहरुको प्राथमिक बिद्यालय पुरा गर्नेको संख्या दरमा ३५ प्रतिशतले बुद्धि हुनुका साथै १० बर्ष देखि १९ बर्षका किशोर किशोरीहरुको विद्यालय छाडने दरमा कमि आउने छ ।

मुख्य क्रियाकलापहरु

- सामुदायीक विद्यालयहरुको भौतिक विकास कार्यक्रम ।
- शिक्षक तालिम तथा क्षमता विकास सम्बन्धि कार्यक्रम ।
- विद्यार्थीहरुलाई शैक्षिक सामाग्री तथा छात्रबृती सहयोग ।
- वाल तथा शिशु कक्षाहरु सञ्चालन सहयोग कार्यक्रम ।
- विद्यालय भर्ना तथा स्वागत अभियानमा सहयोग ।
- वालमैत्री कक्षा सम्बन्धि चेतना अभिबृद्धि गर्ने ।
- अनौपचारीक कक्षाहरु मार्फत निरक्षरता उन्मुलनका लागी सहयोग ।
- किशोरीहरुका लागि जीवन उपयोगी सिपमुलक शिक्षा कार्यक्रम ।

Objective 2 : हालसम्मको तथ्याङ्गगत अवस्थाबाट आगामी पाँच बर्षमा आफ्नो कार्य क्षेत्रका मातृ तथा बाल मृत्यृ दरमा २० प्रतिशतले कमि ल्याइने छ ।

मुख्य क्रियाकलापहरु:

- सुरक्षित मातृत्व सम्बन्धि जनचेतनामुलक कार्यक्रम ।
- एच.आई.भी.एड्स तथा यौनरोग सम्बन्धि जनचेतना अभिबृद्धि कार्यक्रम ।
- स्वास्थ्य सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि कार्यक्रम ।
- गाँउघर क्लीनिक संञ्चालनमा सहयोग कार्यक्रम ।
- विस्तारीत खोप र आम खोप अभियानमा सहयोग ।
- वाल स्वासप्रश्वास ब्यबस्थापन वाल स्वास्थ्य कार्यक्रम ।
- सुधारीएको चुलो तथा शौचालय निर्माण कार्यक्रम ।
- सकारात्मक विभेदमा आधारित वाल पोषण कार्यक्रम ।

- करेशावारी प्रवर्द्धन कार्यक्रम ।

Objective 3 : हाल सम्मको तथ्याङ्गगत अवस्थाबाट आगामी ५ बर्षमा आफ्नो कार्यक्षेत्रका लक्षित परिवारको आर्थिक सुधारमा जोड दिदैं बार्षिक औषत रु १५००० ले आयस्तर बृद्धि गर्ने साथै दिगो जिविकोपार्जन तथा खाद्य सुरक्षाको अवस्थामा सुधार ल्याउने ।

**मुख्य क्रियाकलापहरुः**

- सहक्षेत्र विश्लेषण र आधारभुत तथ्यांक लिने ।
- नियमित वचत तथा ऋण परिचालन र सहकारी व्यबस्थापन सम्बन्धी तालिमहरु सञ्चालन ।
- चेतना अभिबृद्धि, शिप विकास र उत्प्रेरणामुलक क्रियाक्लापहरु ।
- व्यबसायीक कृषि उत्पादनका लागी किसानहरुको क्षमता अभिबृद्धि कार्यक्रम ।
- माटोको उर्वराशक्ति व्यबस्थापनका लागी जैविक, बिषादी र गोठेमल व्यवस्थापन कार्यक्रम ।
- कृषिमा आधारित बाखापालन, कुखुरापालन, बंगुरपालन, मौरीपालन, माछापालन, तरकारी, फलफूल खेती तथा नगदे बाली प्रवर्द्धन कार्यक्रम ।
- रोग किरा व्यबस्थापन तथा क्षमता अभिबृद्धि कार्यक्रम ।
- उत्पादन क्षेत्रको व्यबसायीक योजना तर्जुमा तथा कार्यान्वयन ।
- युवा केन्द्रीत स्वरोजगार कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- भौतिक पूर्वाधार विकासका कार्यक्रमहरु ।
- उद्यमसिलता विकास सम्बन्धी कार्यक्रमहरु ।
- बजार प्रवर्द्धन र लक्षित समुदायको बजारसँगको सम्बन्ध विस्तार ।
- साना सिँचाई निर्माण
- विउ बैंक स्थापना र परिचालन
- कृषक सहकारी संस्थाहरुको स्थापना र विकास
- आधुनिक कृषि सामाग्री र बिउविजन सहयोग ।
- समुदायमा अगुवा किसानहरु विकास गरी कृषि प्रसारमा परिचालन ।
- सिपमुलक तालिम संञ्चालन ।

Objective 4 : आगामी ५ बर्ष भित्रमा कार्यक्षेत्रका २००० घर परिवारहरुलाई शुद्ध र सफा खानेपानी उपलब्ध गराउनुका साथै ब्यक्तिगत, पारिवारिक र सामुदायीक सरसफाई प्रवर्द्धनमा सहयोग गरिनेछ ।

**मुख्य क्रियाकलापहरु**

- ग्रामीण खानेपानी तथा सरसफाई योजना निर्माण, खानेपानी मर्मत सम्भार कार्यक्रम, स्थानीय स्तरमा मर्मत कोष स्थापना तथा परिचालन ।
- खुला दिसा मुक्त क्षेत्र घोषणा तथा पूर्ण सरसफाई अभियानमा सहयोग ।
- सामुदायीक, पारिवारिक तथा ब्यक्तिगत सरसफाई प्रवर्द्धनका लागि जनचेतनामुलक कार्यक्रम ।

- सामुदायीक तथा ब्यक्तिगत शौचालय निर्माण सहयोग कार्यक्रम ।
- बिद्यालय सरसफाई तथा चेतना अभिबृद्धि कार्यक्रम ।

Objective 5 : आगामी पाँच बर्ष भित्रमा संस्थाको कार्यक्षेत्रमा बिस्तार भई हालको लक्षित समुदायको संखयामा दोब्बर बृद्धि गरिएको हुनेछ भने संस्थाको आन्तरीक कोष हालको तुलनामा १०० प्रतिसत ले बृद्धि भएको हुनेछ ।

<u>मुख्य क्रियाकलापहरु</u>

- दातृ निकाय तथा सरोकारवालाहरु संग समन्वय सहकार्य बढाउन कार्यक्रम प्रस्तावना हरु पेश गर्ने ।
- स्थानीय श्रोत साधन र संस्थाको आन्तरीक कोष प्रबर्द्धन गरी समुदायको आवश्यकतामुखी कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
- कर्मचारी र कार्यसमितीका पदाधीकारीहरुको तालिम आवश्यकता पहिचान गरी क्षमता अभिबृद्धि कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
- इकाई कार्यालय स्थापना गरी कार्य जिम्वेवारी बाडफाँड र अधिकार प्रत्यायोजन गर्ने ।
- संस्थाको कार्यक्रम ब्यबस्थापन समितीको क्षमता अभिबृद्धि कार्यक्रम संञ्चालन ।
- श्रोत संकलन उप समिती लाई सक्रिय बनाउदै क्षमता अभिबृद्धि कार्यक्रम संञ्चालन ।
- संस्थाको आन्तरिक कोष प्रबर्द्धनका लागी ब्यबसायीक कार्यक्रमहरुको सुरुवात गर्ने ।
- लागत प्रभावकारीता कार्यक्रम ।

<u>Objective 6</u> : डडेल्धुरा जिल्लाको भित्रिमधेस क्षेत्रका बाढी प्रभावीत समुदायमा विपद जोखिम न्युनिकरणका लागी क्षमता अभिबृद्धि कार्यक्रम संञ्चालन भई मानविय तथा भौतिक क्षतिमा कमी आएको हुनेछ ।

**<u>मुख्य क्रियाकलापहरुः</u>**

- भित्रिमधेश क्षेत्रमा बाढी प्रभावीत समुदायमा पुर्व सुचना प्रणाली स्थापना ।
- क्षमता अभिबृद्धि तथा जनचेतनामुलक कृयाक्लापहरु ।
- स्थानिय सामाग्रीहरुको प्रयोग गरी संरक्षण अभियान संञ्चालन गर्ने ।
- बिद्यालयमा बिपद ब्यबस्थापन सम्बन्धि कक्षा संञ्चालन र नयाँ पाठ्यक्रम बिकास ।
- समुदायमा रहेका स्थानिय श्रोत जस्तै बाँस, काठको प्रयोगबाट साना अल्पिकरणका कृयाकलापहरु संञ्चालन गर्ने ।
- समुदायले पहिचान गरेको जोखिम अनुरुप जोखिम स्थानहरु ट्टबन्ध गर्ने ।

- समुदायमा आधारित विद व्यबस्थापन समितीको क्षमता अभिबृद्धि गरी उनिहरुको संञ्जाल बिस्तारमा सहयोग गर्ने ।

Objective 7 : आगामी तीन बर्ष भित्रमा दलित तथा महिला सशक्तिकरण मार्फत समुदायमा सामाजिक विभेदमा कमी ल्याईने छ । (To Decries Social injustice from Dalit and Women empowerment)

**मुख्य क्रियाकलापहरु:**

- छाउपडी प्रथा न्युनीकरण का लागी जनचेतना बढाउने ।
- घरेलु हिँसा न्युनीकरण गर्न अभियान चलाउने ।
- महिला तथा दलित समुदायको क्षमता अभिबृद्धि कार्यक्रम ।
- संयूक्त लालपुर्जा बनाउन अभियान संचालन गर्ने ।
- महिला शसक्तीकरणका लागि समुदाय स्तरमा कक्षा संचालन गर्ने ।
- आयआर्जनका लागि महिला किसान हरु लाई व्यावसायीक खेतीमा अग्रसर गराउने ।
- नेतृत्व विकासका लागि गाविसमा रहेका सहकारी संस्थामा महिला समुहको आवद्धता गराउने ।

Annexture :

1. Annex No 1 : Work Plan for FY 2019-2020
2. Annex No 2 : Organizational Structure
3. Annex No 3 : Organizational Staff Structure

## Annex No.1

## Action and Work Plan for One years :

एक वर्षका लागि कार्ययोजना :

### Work Plan for FY 2019-2020

| उद्देश्य | मुख्य क्रियाक्लापहरु | सुचकहरु | सुचनाको श्रोत | जिम्बेवार व्यक्ति |
|---|---|---|---|---|
| हालको तथ्यांकगत अवस्थाबाट आगामी ३ बर्षमा विभिन्न कारणले | • सामुदायिक विद्यालयहरुको भौतिक विकास कार्यक्रम<br>• शिक्षक तालिम तथा क्षमता विकास सम्बन्धि कार्यक्रम | • विद्यालय भर्नामा बृद्धि भएको विद्यार्थीहरुको प्रतिसत<br>• शैक्षिक सामाग्री | • विद्यार्थी भर्ना रजिस्टरहरु<br>• शैक्षिक सामाग्री वितरण पुस्तिका | बाबुराम श्रेष्ठ |

| | | | | |
|---|---|---|---|---|
| बिद्यालय जान बञ्चित ५ देखी १२ बर्ष सम्मका कार्य क्षेत्रका बालबालीका हरुको प्राथमिक बिद्यालय पुरा गर्नेको संख्या दरमा हालको तुलनामा २० प्रतिसत ले बृद्धि गर्ने । | • विद्यार्थीहरुलाई शैक्षिक सामाग्री तथा छात्रबृती सहयोग ।<br>• वाल तथा शिशु कक्षाहरु संञ्चालन सहयोग कार्यक्रम ।<br>• बिद्यालय भर्ना तथा स्वागत अभियानमा सहयोग ।<br>• बालमैत्री कक्षा सम्बन्धि चेतना अभिबृद्धि गर्ने ।<br>• अनौपचारीक कक्षाहरु मर्फत निरक्षरता उन्मुलनका लागी सहयोग | र छात्रबृती पाएका बिद्यार्थीहरुको संखया ।<br>• शैक्षिक गुणस्तरमा आएको परिवर्तन को तथ्यांक<br>• बिद्यार्थीले प्राप्त गरेको शैक्षिक प्रतिफल र रिजल्टहरु | • छात्रबृती वितरण गरेको विल भर्पाई<br>• विद्यार्थीको परिक्षा फल र लब्धांकपत्र | |
| हालको तथ्यांकगत अवस्था बाट आगामी तीन बर्षमा कार्यक्षेत्रमा बाल तथा मातृ मृत्युदरमा १० प्रतिसत ले कमी ल्याउने | • सुरक्षित मातृत्व सम्बन्धी जनचेतनामुलक कार्यक्रम<br>• एच.आई.भि.एड्स तथा यौना रोग सम्बन्धि जनचेतना अभिबृद्धि गर्ने कार्यक्रम ।<br>• स्वास्थ्य सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि कार्यक्रम<br>• गाँउघर क्लिनिक संञ्चालनमा सहयोग कार्यक्रम<br>• बिस्तारित खोप र राष्ट्रिय खोप अभियानमा सहयोग ।<br>• वाल स्वास प्रस्वास ब्यबस्थापन वाल स्वास्थ्य कार्यक्रम<br>• सुधारिएको चुल्हो तथा शौचालय निर्माण कार्यक्रम<br>• सकारात्मक विभेदमा आधारित बाल पोषण कार्यक्रम ।<br>• करेशावारी प्रवर्द्धन कार्यक्रम | • गर्ववती तथा सुत्केरी जाँच गराउने महिलाहरुको संख्या<br>• तालिम प्राप्त स्वास्थ्यकर्मी बाट सुत्केरी हुने महिलाको संख्या<br>• सुत्केरी सामाग्री तथा अन्य औषधी सहयोग प्राप्त गर्ने उप स्वास्थ्य चौकी संख्या<br>• गाँउघर किलनिक बाट सेवा लिने महिलाहरुको संख्या<br>• पुर्ण खोप लिने वालवालीकाहरुको संख्या<br>• एआरआई उपचार पाउने वालवालीका हरुको संखया<br>• पोषण पुनर्स्थापना केन्द्र बाट उपचार पाएका बालबालीकाहरुको संख्या<br>• सुधारिएको चुल्हो | • स्वास्थ्य चौकी रेकर्ड<br>• जिल्ला स्वास्थ्य कार्यालय र मातहतका स्वास्थ्य संस्थामा रहेका तथ्यांक र प्रतिवेदनहरु<br>• सहयोग तथ्याँकहरु सम्झौता पत्रहरु<br>• गाँउघर क्लिनिक प्रतिवेदनहरु | पद्मा गुरुङ्ग<br>रोशनी रावल |


IDeS Strategic

| | | | | |
|---|---|---|---|---|
| | | र शौचालय प्रयोग गर्ने परिवार संख्या | | |
| हाल सम्मको तथ्यांकगत अवस्था बाट आगामी तिन बर्षमा आफ्नो कार्य क्षेत्रका लक्षित परिवारको आर्थिक आर्जनमा बार्षिक औषत रु १०,०००। ले बृद्धि गर्ने । | • सह क्षेत्र बिश्लेषण आधारभुत तथ्यांक लिने ।<br>• नियमीत बचत तथा ऋण परिचालन र सहकारी ब्यवस्थापन सम्बन्धि तालिमहरु संञ्चालन ।<br>• चेतना अभिबृद्धि, सिप विकास विकास र उत्प्रेरणामुलक क्रियाक्लापहरु<br>• ब्यबसायीक कृषि उत्पादन का लागी किसानहरुको क्षमता अभिबृद्धि कार्यक्रम<br>• माटोको उर्वराशक्ति ब्यबस्थापनका लागी जैविक बिषादी, मल र प्रविधि<br>• बाखा पालन,कुखुरापालन ,बंगुरपालन,मौरीपालन,माछापालन कार्यक्रम<br>• रोगकिरा ब्यबस्थापन क्षमता अभीबृद्धि कार्यक्रम ।<br>• उत्पादन क्षेत्रको ब्यवसायीक योजना तर्जुमा तथा कार्यान्वयन | • कार्यक्षेत्रमा सहक्षेत्र बिश्लेषण गरिएका आधारभुत तथ्याँकहरु<br>• ब्चत तथा ऋण समुहमा संलग्न महिला संख्या<br>• सिपमुलक तथा क्षमता अभिबृद्धि सम्बन्धि तालिममा सहभागीहरुको संख्या<br>• औषत बार्षिक रु १००००। थप आयआर्जन गर्ने घरधुरी संख्य | • सह क्षेत्र बिश्लेषण भई उत्पादनमुलक कार्य थालनी भएको हेर्न सकिने ।<br>• ब्चत तथा ऋण सहकारी संस्थाहरुको तथ्यांक<br>• तलिम सहभागी हाजिर रजिस्टर<br>• आधार रेखा सर्वेक्षण प्रतिवेदन | बाबुराम श्रेष्ठ<br>पद्मा गुरुङ्ग |
| आगामी तीन बर्ष भित्रमा आफ्नो कार्य क्षेत्र भित्रका एक हजार परिवार लाई शुद्ध र सफा खानेपानी उपलब्ध गराईने छ भने लक्षित कार्यक्षेत्रमा रहेका सबै समुदायहरु खुला दिशा मुक्त क्षेत्र घोषणा भएका हुनेछन् । | • ग्रामीण खानेपानी तथा सरसफाई योजना निर्माण, मर्मत सम्भार कार्यक्रम ।<br>• पुर्ण सरसफाई अभियानमा सहयोग<br>• खुला दिशा मुक्त गाँउ घोषणाका लागी जनचेतनामुलक कार्यक्रम तथा सहयोग<br>• ब्यक्तिगत तथा सामुदायीक सरसफाई चेतना अभिबृद्धि कार्यक्रम<br>• सामुदायिक तथा ब्यक्तिगत शौचालय निर्माण सहयोग कार्यक्रम<br>• बिद्यालय सरसफाई तथा चेतना अभिबृद्धि कार्यक्रम | • शुद्ध खानेपानी उपभोग गर्ने परिवारको संख्या<br>• ब्यक्तिगत चर्पी निर्माण गरी प्रयोग गर्ने परिवार संख्या<br>• खुला दिशा मुक्त घोषणा भएका समुदायहरुको संख्या<br>• सरसफाई कार्यक्रम लागु भएका बिद्यालयहरुको संख्या | • खनेपानी तथा सरसफाई डिबिजनका तथ्यांक तथा प्रतिवेदनहरु<br>• निर्माण गरिएका र मर्मत गरिएका खानेपानी योजनाहरु<br>• ब्यक्तिगत तथा सामुदायीक शौचालय निर्माण र प्रयोग गरेका मानिसमा रोगब्याधीमा कमी आएको स्वास्थ्य सम्बन्धि तथ्यांकहरु<br>• सम्झौता पत्र र | पद्मा गुरुङ्ग<br>बाबुराम श्रेष्ठ |

| | | | | |
|---|---|---|---|---|
| | | | कागजातहरु | |
| आगामी ३ बर्ष भित्रमा संस्थाको कार्य क्षेत्रमा बिस्तार भई हालको लक्षित समुदायको संख्यामा दोब्बर बृद्धि गरिएको हुनेछ भने संस्थाको आन्तरीक कोष हालको तुलनामा १०० प्रतिसत ले बृद्धि भएको हुनेछ । | • दातृनिकाय तथा सरोकारवालाहरु संग समन्वय सहकार्य बढाउन कार्यक्रम प्रस्तावनाहरु पेश गर्ने ।<br>• स्थानीय श्रोत साधन र संस्थाको आन्तरीक कोष प्रवर्द्धनगरी समुदायको आवश्यकतामुखी कार्यक्रमहरु कार्यान्वयन गर्ने ।<br>• कर्मचारी र कार्यसमितीका पदाधीकारीहरुको तालिम आवश्यकता पहिचान गरी क्षमता अभिबृद्धि कार्यक्रमहरु कायान्वयन गर्ने ।<br>• ईकाई कार्यालय स्थापना गरी कार्य जिम्वेवारी वाँडफाड र अधिकार प्रत्यायोजन गर्ने ।<br>• संस्थाको कार्यक्रम ब्यबस्थापन समितीको क्षमता अभिबृद्धि कार्यक्रमहरु ।<br>• श्रोत संकलन उपसमितीलाई सक्रिय बनाउदै क्षमता अभिबृद्धि कार्यक्रम संञ्चालन ।<br>• संस्थाको आन्तरीक कोष प्रबर्द्धनका लागी ब्यबसायीक कार्यक्रमको सुरुवात गर्ने ।<br>• लगत प्रभावकारीता कार्यक्रम | • बृद्धि भएको लक्षित समुदायको घरधुरी सख्या<br>• संस्थाको आन्तरीक कोषमा बृद्धि भएको रकम<br>• तलिम सहभागी हाजिरी रजिस्टर<br>• टोल गाँउ र नगरका योजना तर्जुमा प्रकृयामा समुदायको सहभागीता<br>• कर्मचारीहरुको क्षमता र तालिम आवश्यकता पहिचान<br>• ईकाई कार्यालय स्थापना र अधिकार प्रत्यायोजन | • संस्थाको बार्षिक प्रतिवेदन<br>• बैंक स्टेटमेन्ट र लेखा सम्बन्धि कागजातहरु | कमला बिष्ट<br>राम धामी<br>पद्मा गुरुंग |
| डडेल्धुरा जिल्लाका भित्रि मधेश क्षेत्रका बाढी प्रभावीत समुदायमा विपद जोखीम न्यूनिकरणका लागी क्षमता अभिबृद्धि कार्यक्रम संञ्चालन भई मानविय तथा भौतिक क्षतिमा कमी आएको हुनेछ । | • भित्रि मधेश क्षेत्रका वाढी प्रभावीत समुदायमा पूर्व<br>• सुचना प्रणाली स्थापना<br>• क्षमता अभिबृद्धि तथ जनचेतानामुलक कृयाक्लापहरु<br>• स्थानिय सामाग्रीहरुको प्रयोग गरी संरक्षण अभियान संञ्चालन गर्ने<br>• विद्यालयमा विपद ब्यबस्थापन सम्बन्धि कक्षा संञ्चालन र नयाँ पाठ्यक्रम बिकास ।<br>• समुदायमा रहेका स्थानिय श्रोत जस्तै बाँस, काठको प्रयोग बाट साना अल्पिकरणका कृयाक्लापहरु संञ्चालन गर्ने । | • पुर्व सुचना प्रणालीका कारण समुदायमा<br>• मानवीय तथा भौतीक क्षती कम भएका तथ्या.क हरु ।<br>• प्रभावीत समुदायकै अगुवाईम पूर्व तयारी राहात तथा पुनर्स्थापना सम्बन्धि क्रियाक्लापहरु<br>• लक्षित समुदायमा रहेका बिद्यालयहरुले | • जिल्ला दैबी प्रकोप उद्धार समितीका तथ्यांकहरु | कमला बिष्ट<br>राम धामी<br>पद्मा गुरुंग |

| | | | | |
|---|---|---|---|---|
| | • समुदायले पहिचान गरेको जोखिम अनुरुप जोखिम स्थानहरु तटबन्ध गर्ने ।<br>• समुदायमा आधारित विपद व्यवस्थापन समितीको क्षमता अभिबृद्धि गरी उनीहरुको संञ्जाल विस्तारमा सहयोग गर्ने । | तयार गरेको स्थानिय पाठ्क्रम | | |
| आगामी तिन बर्ष भित्रमा खाद्य असुरक्षाका कारण रोजगारीका लागी भारत जाने लक्षित कार्यक्षेत्रका ग्रामीण समुदायका पुरुषहरुको संख्या १० प्रतिसत ले घटेको हुनेछ । | • साना सिंचाई योजना निर्माण<br>• बिउ बैंक स्थापना परिचालन<br>• कृषक सहकारी संस्थाहरुको स्थापना र बिकास<br>• आधुनिक कृषि सामाग्री र बिउ विजन सहयोग<br>• समुदायमा अगुवा किसानहरु विकास गरी कृषि प्रसारमा परिचालन<br>• सिपमुलक तालिम संञ्चालन | • कामको खार्जीमा भारत पुग्ने पुरुषहरु गाँउमै कृषि उत्पादनमा सकृय रहेको देख्न सकिने छ ।<br>• सहकारी डिभिजन कार्यालयहरुमा सहकाी दर्ता भएको हुनेछ ।<br>• सिपमुलक तालिम मार्फत लक्षित समुदायका मानिसहरु स्वाबलम्बि भएको | • कृषि उत्पादनमा बढोत्तरी भई खाद्य सुरक्षाको अवस्थामा सुधार आएको जिल्ला कृषि विकास कार्यालयका तथ्यांक हरु<br>• सहभागी हाजिरी रजिस्टर | कमला बिष्ट<br>राम धामी<br>पद्मा गुरुंग<br>गणेश बहादुर मगर |
| आगामी तीन बर्ष भित्रमा दलित तथा महिला शसक्तिकरण मार्फत लक्षित समुदाया सामाजिक विभेदमा कमी ल्याईने छ । | • छाउपडी प्रथा न्युनीकरणका लागी जनचेतना बढाउने ।<br>• घरेलु हिंसा न्युनीकरणका गर्न अभियान चलाउने ।<br>• महिला तथा दलित समुदायको क्षमता अभिबृद्धि कार्यक्रम । | • सामाजिक विभेदमा कमि आएको र छाउपडी गोठहरु लक्षित समुदायले आफै भत्काएको | • भत्काईएका छाउपडी गोठहरु | पद्मा गुरुंग<br>सोनी भण्डारी |

## 2. Annex no.2:
## Organizational Structure


General Council
Executive committee
Advisor Committee
Sub Committee Organization Develop
Sub Committee Resource mobilization
Sub Committee Accounting
Sub Committee Contact /Coordination
Purchase Sub Committee
Policy maker Sub Committee
Cultured Sub Committee
Project Management Flow and monitoring Sub Committee